# वर्गदृष्टि


Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क ३५ पूर्णाङ्क २७३ | २०७८ फागुन १६ गते सोमबार | Monday, 28 Feb., 2022 | पृष्ठ ८ | मूल्य रू. १०/-


## नेकपा(क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य रामजी थापाकी आमा मित्र कुमारी थापाप्रति श्रद्धाञ्जली कार्यक्रम सम्पन्न

पोखरा । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) केन्द्रिय सदस्य, ४ नं. प्रदेश सचिवालय सदस्य एवं कास्की जिल्ला इन्चार्ज रामजी थापाकी ममतामयी आमाको ८९ वर्षको उमेरमा यही फागुन ९ गते बिहान आफ्नै निवासमा दुःखद निधन हुन गएको थियो ।

आमा मित्र कुमारी थापाको आज पाँचौं दिनमा आयोजित श्रद्धाञ्जली कार्यक्रमको बाँकी ७ पेजमा




# राष्ट्रघाती एमसीसी अनुमोदन, आठ दल प्रतिरोध संघर्षमा

❑ **अनु निरौला/जय दाहाल**

काठमाडौं । देशभक्त क्रान्तिकारीहरुको देशव्यापी विरोध र प्रतिरोधमाथि फासिवादी दमन गर्दै शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले राष्ट्रघाती एमसीसी हुबहु पारित गरेको छ । यसको प्रतिरोधमा एमसीसी खारेजीका लागि संघर्षरत नेकपा (क्रान्तिकारी माओवादी) सहितका ६ पार्टी र २ मोर्चाले आइतबार साँझ देशव्यापी मसाल जुलुस प्रदर्शन गर्दै सोमबार फागुन १६ गते नेपाल बन्दको आव्हान गरेका छन् । देशभक्त क्रान्तिकारीहरुले आइतबार १२ बजे माइतीघरबाट नयाँ बानेश्वर संसद भवन अगाडिसम्म विशाल विरोध ऱ्याली निकाल्दै दिनभर विरोध प्रदर्शन गरे । विरोध प्रदर्शनमाथि देशउवा सरकारको पुलिस प्रशासनले पानीको फोहरा, लाठी, अश्रुग्याँस र रबरको गोलीसमेत प्रहार गर्दै फासिवादी दमन गऱ्यो । सो क्रममा दर्जनौं देशभक्त युवाहरु घाइते हुन पुगे । साँझसम्म देशभक्त क्रान्तिकारीहरुले प्रहरी दमनको चोक चोकमा टायर बालेर प्रतिरोध गरिरहे । साँझै आठ दलको बैठकले प्रतिरोध संघर्षलाई सशक्त रुपमा अगाडि बढाउने निर्णय गर्दै नेपाल बन्दको घोषणा गरेको हो ।

***एमसीसी पास गर्नेहरु 'राष्ट्रिय गद्दार'***

अमेरिकाको साम्राज्यवादी मिसनमा आधारित मिलिनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) सम्झौता प्रतिनिधि सभाबाट पारित गर्नेहरुलाई राष्ट्रिय गद्दार घोषणा गर्नुपर्ने चौतर्फी रुपमा आवाज उठेको छ । माओवादी केन्द्रका नेता अर्थमन्त्री जनार्दन शर्माले पेश गरेको एमसीसी सम्झौता ध्वनी मतले पारित गरिएको थियो ।

सम्झौताको पक्षमा नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जसपा उभिएका थिए भने राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी, राप्रपाले विरोध गरेका थिए ।

एकीकृत समाजवादीका १४ जना सांसद तथा सभामुखविरुद्ध आन्दोलनमा रहेको एमाले भने ध्वनी मतदान प्रक्रियामा सहभागी भएन ।

संसदमा बोल्दै माओवादी केन्द्रका सांसदहरु गिरिराजमणि पोखरेल, अन्जना विशंखे, देव गुरुङ, एसमाजवादीका सम्मानित नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनाल, एमालेका नेता भिम रावल, जनमोर्चाकी उपाध्यक्ष समेत रहेकी नेतृ दुर्गा पौडेल, मजदुर किसान पार्टीका नेता प्रेम सुवाल र राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्गदेलले एमसीसी सम्झौताको कडा विरोध गरेका थिए र खारेजीको माग गरेका थिए ।

एमालेका नेता भिम रावलले त एमसीसीका पक्षधर र पारित गर्नेहरु 'राष्ट्रिय गद्दार'हरु भएको समेत बताएका थिए । विरोधमा बोल्ने सांसदहरुले अमेरिकाले पटक पटक एमसीसी आइपिएसको अंग भएको बताएको अवस्थामा गरिएको व्याख्यात्मक टिप्पणी र घोषणाको कुनै अर्थ नरहेको पनि स्पष्ट पारेका थिए । एसमाजवादीका नेता झलनाथ खनालले एमसीसी नेपाललाई अमेरिकाको छाता ओढाउने सम्झोता भएको भन्दै यसको कडा विरोध गरेका थिए र उनी आफ्नो विरोध मन्तव्य राख्नेवित्तिकै सदन छाडेर बाहिरिएका थिए ।

***क कसले गरे विरोध ?,***

नेकपा एकीकृत समाजवादी पार्टीका उपमहासचिव जगन्नाथ खतिवडाले एमसीसीबारे १३ बुँदे असहमति राखेका छन् । पार्टीले व्याख्यात्मक घोषणासहित एमसीसी पारित गर्ने निर्णय गरेपछि उनले १३ बुँदे असहमति राखेका हुन् ।

अध्यक्ष माधव नेपाललाई सम्बोधन गरेर लेखिएको १३ बुँदे असहमति पत्रमा एमसीसी परियोजनाको आवरणमा यो अमेरिकाको साम्राज्यवादी हस्तक्षेप भएकाले स्वीकार्न नहुने उल्लेख गरिएको छ । उनीसहित सम्मानित नेता झलनाथ खनालले पनि एमसीसीको विरोध गरेका छन् ।

त्यसैगरी माओवादी केन्द्रका नेताहरु नारायणकाजी श्रेष्ठ, कृष्णबहादुर महरा, देव गुरुङ, गिरिराजमणि पोखरेल र लिलामणि पोखरेलले असहमति जनाएका थिए ।

अमेरिकी सहयोग एमसीसी परियोजना संसद्बाट पारित गर्नका लागि आइतबार दिउँसो १ बजेका लागि बोलाइएको प्रतिनिधि सभाको बैठक निर्धारित समयमा सुरु नभई झन्डै २ घण्टा ढिलो सुरु भएको थियो । यसरी बैठक ढिलो सुरु हुनुको कारण थियो, गठबन्धन दल माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीको एमसीसी सम्झौता पारित गर्ने आन्तरिक तयारी ।

गठबन्धन दल माओवादी केन्द्रले नयाँ बानेश्वरस्थित ल्होत्से हलमा संसदीय बाँकी ७ पेजमा

### नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः का अध्यक्ष पवनमान श्रेष्ठद्वारा संसदीय दलहरुका नेतृत्वको राष्ट्र तथा जनघाती कदमको घोर भर्त्सना



**राष्ट्रिय स्वाधीनताको यो देशभक्तिपूर्ण संघर्षमा सहभागी हुन नेवाः जनसमुदायलगायत आदिवासी जनजाति र सम्पूर्ण देशभक्त नेपाली जनसमुदायमा हार्दिक अनुरोध तथा अपील**

*नेस ११४२ सिल्लागाः सप्तमी*
*(विस ०७८ फागुन ११)*

काठमाडौं । अमेरिकी साम्राज्यवादको धम्की र नेकालगायत संसदीय दलहरुका नेतृत्वको यस राष्ट्र तथा जनघाती कदमको घोर भत्सर्ना गर्दै नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः का अध्यक्ष पवनमान श्रेष्ठव्दारा अपिल प्रकाशित गर्नु भएकोछ, जसको पूर्ण पाठ तल दिइएको छः

**विषय : अपील**

एमसिसि सम्झौता आमजनताको विरोधका बाबजुद संसदबाट अनुमोदन गर्र्न काँग्रेसका संचार मन्त्रीले संसदमा टेबुलिङ्ग गरेका छन् । सरकारी गठबन्धनको नेतृत्व गरेको काँग्रेसका सभापति तथा प्रधानमन्त्री शेर ब. देउपाले एमसिसि सम्झौता पारित गर्न टुप्पी बाँकी ६ पेजमा

### निर्णायक मोडमा एमसीसी सम्झौता, क्रान्तिकारी माओवादीको अपिल

## 'राष्ट्रघाती एमसीसी सम्झौता खारेज गराउन संघर्षलाई नयाँ उचाइ प्रदान गरौं !'

काठमाडौं । अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनसँग नेपालले गरेको एमसीसी सम्झौता राष्ट्रघाती रहेको भन्दै यसको खारेजीको लागि जारी संघर्षलाई थप नयाँ उचाइ प्रदान गर्न नेकपा (क्रान्तिकारी माओवादी)ले जनसमुदायको नाममा एक अपिल जारी गरेको छ ।

पार्टीको केन्द्रीय कार्यालयको नामबाट जारी अपिलमा ६ वटा बुँदामा एमसीसी सम्झौताको राष्ट्रघाती प्रावधानहरुको उल्लेख गर्दै देशभक्त सांसदहरुलाई समेत राष्ट्रघाती सम्झौता खारेज गर्नका लागि दृढतापूर्वक उभिन विशेष अनुरोध गरिएको छ ।

फागुन १४ गते जारी गरिएको अपिलमा एमसीसी सम्झौता निर्णायक मोडमा पुगेको र चर्चा गर्दै यो बेला राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्तै गंभीर र संवेदनशील बन्न गएकोले यस स्थितिमा सडक संघर्षमा उत्रिएका सम्पूर्ण देशभक्त जनता तथा वामपन्थी पार्टीहरुलाई संघर्षलाई नयाँ उचाइ प्रदान गर्न हार्दिक अपिल बाँकी २ पेजमा



### राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्दै विभिन्न जिल्लामा विरोध कार्यक्रम जारी

## एमसीसी विरुद्धको प्रदर्शनमा प्रहरीले गोली चलाउँदा एकजना गम्भिर घाइते

काठमाडौं । ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको आव्हानमा भएको एमसीसीका विरुद्ध भएको विरोध प्रदर्शनमा प्रहरीले गोली चलाउँदा एकजना गम्भिर घाइते हुन पुगेका छन् । उनको अहिले अन्नपूर्ण न्यूरो अस्पतालमा उपचार भइरहेको बुझिएको छ ।

बिहिबार भएको विरोध प्रदर्शनमाथि दमन गर्दै प्रहरी चलाएको गोली डेल्धुरा घर भएका हेमराज अवस्थीको टाउकोमा लागेको थियो । गोली लागेर ढलेका अवस्थीलाई बानेश्वरको एभरेस्ट अस्पतालमा लगिएको थियो । त्यहाँ उपचार हुन नसक्ने बताएपछि ट्रमा सेन्टर रेफर गरिएको थियो । त्यहाँ पनि उपचार



असम्भव भएको भन्दै माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पतालमा रेफर गरिएको र अहिले अन्नपूर्ण न्यूरो अस्पतालमा उपचार भइरहेको बाँकी ४ पेजमा

## सहिद सप्ताह २०७८ सुरू

### जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलले सहादत प्राप्त गरेको दिन फागुन १४ गते मनाइयो






काठमाडौं । फागुन १४ गते आजदेखि सहिद सप्ताह सुरु भएको छ । यस अवसरमा नेपाल कम्युनिस्ट पार्टीले सहिद परिवारलाई सम्मानलगायत विभिन्न रचनात्मक कार्यक्रम गरी अभियानकै रूपमा सहिद सप्ताह मनाउने जनाएको छ । नेकपा(क्रान्तिकारी माओवादी)ले सहिद सप्ताहका अवसरमा सबै जिल्ला र क्षेत्रहरूमा सहिद-बेपत्ता परिवार अभिनन्दन, सहिद बेपत्ता परिवार भेटघाट, लगायत विभिन्न सिर्जनात्मक कार्यक्रम आयोजना गर्ने बताइएको छ । बाँकी ७ पेजमा

## सर्वहारा कार्यनीतिहरुको विकासबारे १९०५ को रसियन पुँजीवादी क्रान्ति

***सर्वहाराको भूमिकाको दृष्टिकोणबाट र मार्क्सवादी क्रान्तिकारी कार्यनीतिहरुको विकासका हिसाबले यी क्रान्तिहरुको सबभन्दा महत्वपूर्ण १९०५ रसियन क्रान्ति थियो***



● हुकुमबहादुर सिंह ●

रसियन बोल्सेविकमा आएको विभाजनको अवधि विश्व परिस्थितिमा आएका प्रमुख परिवर्तनहरूको अवधिको सुरूवातमा थियो । युरोपमा प्रमुख पुँजीवादी देशहरूबीच शान्तिको ३५ वर्ष लामो ग्याप युद्धहरूको लगातार घटनासितै तोडिएको थियो । साम्राज्यवादको उमेर भरभराउदो थियो र नयाँ साम्राज्यवादी शक्तिहरूले बजार हडप्न र विस्तार गर्नका लागि लडन सुरू गरे । तिनीहरू क्षेत्रीय युद्धहरूको संख्या भित्र छिरे । तिनीहरूमध्ये एउटा महत्वपूर्ण युद्ध १९०४-१९०५को रसियन-जापनिज युद्ध थियो । यी क्षेत्रीय युद्धहरू विश्वको पुनः विभाजनका लागि १९१४-१८को विध्वंसकारी प्रथम विश्व युद्धका लागि साम्राज्यवादी शक्तिहरूद्धारा तिनीहरू आफैले तयारी पारिएका युद्धहरू थिए ।

सोही अवधि क्रान्तिहरूको एउटा नयाँ विद्रोहको अवधि पनि थियो । यी क्रान्तिहरूको प्रमुख स्रोत यद्धपि वर्तमानमा युरोप नभई एशिया थियो । यी क्रान्तिहरूको पहिलो १९०५को रसियन पुँजीवादी क्रान्ति थियो, जसको पछि टर्किस, प्रशियन र चीनीयाँ पुँजीवादी क्रान्तिहरू भए । सर्वहाराको भूमिकाको दृष्टिकोणबाट र मार्क्सवादी क्रान्तिकारी कार्यनीतिहरूको विकासका हिसाबले यी क्रान्तिहरूको सबैभन्दा महत्वपूर्ण १९०५ रसियन क्रान्ति थियो । यसको सुरूवात रसियन-जापनिज युद्धबाट भएको थियो ।

रसियन-जापनिज युद्ध, जो ८ फरवरी १९०४मा सुरू भएको थियो, जारका निम्ति हार र २३ अगस्त १९०५मा बाँकी ७ पेजमा

## सम्पादकीय

# सशक्त राष्ट्रिय प्रतिरोध संघर्षको खाँचो

नेपालको समृद्धि र गरिबी निवारणका लागि होइन कथित अनुदान नेपाललाई नवउपनिवेशवादको महाजालमा फसाई नेपालको राष्ट्रिय स्वाधीनतामाथि प्रहार गर्ने र नेपालको राष्ट्रिय सम्पदा लुट्ने उद्देश्यमा आधारित रहेको एमसीसी सम्झौता खारेजीका लागि देशभक्त क्रान्तिकारी, वामपन्थी र सच्चा लोकतन्त्रवादीहरुले देशव्यापी रुपमा संघर्ष जारी राखेकै बेला राती ९ बजे सदनबाट बडो नाटकीय रुपमा एमसीसी सम्झौता पास गरिएको छ ।

एमसीसी अमेरिकाको रक्षा मन्त्रालय र सुरक्षा छातासित सम्बन्धित हिन्द-प्रशान्त रणनीतिको एक अभिन्न अङ्ग रहेको स्वयम् अमेरिकी अधिकारीहरुले नै बताउँदै आएका थिए । यस संझौताको मूल उद्देश्य चीनलाई घेराबन्दीमा पार्न नेपाली भूमिको दुरुपयोग गर्नु र नेपाललाई सैन्य अखडा बनाउनु रहेको भन्दै खारेजीका लागि गरिएको संघर्षमाथि फासिवादी दमन लादेर सत्तारुढ दलाल शक्तिहरुले एमसीसी पास गरेका छन् ।

यो राष्ट्रघाती संझौता नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तका विरुद्धमा रहेको छ । यसलाई संसदबाट अनुमोदन गरिएपछि नेपाल अब अमेरिकाको सुरक्षा छाताभित्र रहनुपर्ने गंभीर खतरा पैदा हुन पुगेको छ ।

एमसीसी संझौताका प्रावधान अनुसार नेपालको कानुन भन्दा माथि पारिएको छ । यस संझौतामा नेपालका कानुन संझौतासित बाझिएमा संझौता नै मान्य हुने र यही कुरा भविष्यमा बनाइने अमरिकी कानुनका सन्दर्भमा पनि लागुहुने भनी उल्लेख गरिएको छ । यो नेपालको राष्ट्रिय सार्वभौमिकता र स्वाभिमानका लागि ठाडो चुनौती र अत्यन्तै घातक विषय हो ।

यस संझौतामा नेपालका सामु अत्यन्तै कडा सर्त थोपरिएका छन् । जस्तो कि – यो संझौता कार्यान्वयन गर्न भारतसित अनिवार्य स्वीकृति लिनुपर्ने, परियोजनाको लेखा परीक्षण नेपालले गर्न नपाउने, परियोजना अवधि सकिए पनि त्यसका केही प्रावधान कायमै रहने, परियोजनामा काम गर्ने कर्मचारीद्वारा कुनै अपराध गरिएमा नेपालको कानुनद्वारा दण्डित गर्न नपाइने, अनि यस संझौतामा कुनै पनि संशोधन नहुने, आदि । यी नेपालको सार्वभौमिकता माथिका ठाडा चुनौती हुन् ।

नेपालमा यस प्रकारको संझौताको विरोध हुँदै आएकोमा अमेरिकाका सहायक विदेश मन्त्री लगायतका अधिकारीहरुद्वारा यो संझौता संसदबाट अनुमोदन नगरिएमा नेपाल चीनको पोल्टामा गएको ठहरिने र त्यस स्थितिमा अमेरिकाले नेपाललाई दिँदै आएका सबै सहायता तथा अनुदान रोक्ने लगायतका कडा धम्की दिइएको यथार्थ जगजाहेर नै छ ।

एमसीसीको यस्तो राष्ट्राघाती चरित्र र विशेषता थाहा हुँदाहुँदै पनि कांग्रेस, माके र एसमाजवादीले हुबहु पास गरेर नेपाललाई अमेरिकाको उपनिवेश बनाउने मार्ग प्रशस्त गर्न पुगेका छन् ।

यो बेला राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्तै गंभीर र संवेदनशील बन्न गएको छ । यस स्थितिमा सडक संघर्षमा उत्रिएका सम्पूर्ण देशभक्त जनता तथा वामपन्थी पार्टीहरु एकढिक्का भएर राष्ट्रघातका विरुद्ध कडा प्रतिरोध संघर्ष सञ्चालन गर्न जरुरी छ । देश बचाउनका लागि अब सच्चा देशभक्त, क्रान्तिकारी, वामपन्थी र सच्चा लोकतन्त्रवादीहरुको सुदृढ एकता र प्रतिरोध संघर्ष अहिलेको अपरिहार्य र ऐतिहासिक आवश्यकता बन्न गएको छ । देशभन्दा ठूलो पार्टी र व्यक्ति हुन सक्दैनन् । देशको स्वाधीनता र सार्वभौमिकतामाथि गम्भिर संकट उत्पन्न भएको छ । अब सशक्त प्रतिरोध संघर्षको विकल्प छैन ।


परिवर्तनको सम्वाहक

मूलबाटो

मुख्य पृष्ठ समाचार विचार कुराकानी साहित्य प्रवास खेलजगत प्रविधि सिने जगत पर्यटन ENGLISH

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


## एमसीसीको कहर

# युक्रेनजस्तै बन्न सक्छ नेपाल



● रामराज रेग्मी ●

*जारकालीन समयमा युक्रेन रुसी साम्राज्यअन्तर्गत थियो । जब लेनिनको नेतृत्वमा सन् १९१७ मा महान् अक्टोवर समाजवादी क्रान्ति भयो कम्युनिष्ट सरकारले 'आत्म निर्णयको अधिकार' प्रदान गर्‍यो । जारले उपनिवेश बनाएका राष्ट्रहरूलाई उनीहरू एउटा ठूलो राष्ट्र सोभियत संघमै बस्ने कि अलग राष्ट्रका रूपमा रहने ? भनी रोज्न दियो । त्यतिखेर पोल्याण्ड, चेकोस्लाभाकिया जस्ता देशहरू स्वतन्त्र रूपमा रहन चाहे र तिनीहरूलाई स्वतन्त्रता प्रदान गरियो*

चीन रसियाजस्तो बन्न सक्छ र नेपालको हालत काठमाडौं Kyiv–Capital city of Ukraine जस्तै बन्न सक्छ । युक्रेनलाई NATO को सदस्य बनाउने बाहनामा रूसलाई घेराबन्दी गर्ने र NATO को बाहनामा चीनलाई घेराबन्दी गर्ने योजनामा अमेरिका लागिपरेको छ ।

अमेरिकाले कुटनीतिक रूपमा तेस्रो विश्वयुद्धका लागि प्रयत्न गर्दैछ । नेपाल भू-राजनीतिक द्वन्दमा फस्ने देखिन्छ ।

या त यो कुरा बुझ्ने प्रचण्ड मात्रै छन् या यूक्रेइनी हास्य कलाकार राष्ट्रपति र नेपाली हास्यब्यङ्ग शिरोमणी ओलीबीच केही समानता छ । नेपाली काँग्रेसले इतिहासमा एउटा मात्र राम्रो काम गर्यो । "राणा भगाउ आन्दोलन तथा सशस्त्र क्रान्ति" त्यसपछी काँग्रेसले सधैं राष्ट्रघातबाहेक केही गरेन ।

एमसीसीको दुई दृष्टिकोणमध्ये एक चीनलाई घेराबन्दी गर्ने नै हो र दोश्रो नेपालको कम्युनिष्ट आन्दोलनलाई सिध्याउने नै हो ।

तीन वर्षअघि यतिबेला पूर्वी युरोपेली मुलुक युक्रेनमा चुनावी माहौल थियो । प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली भएको युक्रेनको चुनावमा उम्मेदवारी दिएर भोलोदिमिर जेलेन्स्कीले संसारको ध्यान तानेका थिए । त्यतिबेला ४१ वर्षमात्रै पुगेका जेलेन्स्कीको चर्चा युवा भएकाले मात्रै थिएन, उनी टेलिभिजन सिरियलमा पनि देशको कार्यकारी पद सम्हालेको अभिनय गर्थे ।

जेलेन्स्की युक्रेनका लोकप्रिय हास्य कलाकार थिए । त्यही लोकप्रियताका कारण उनी ७३ प्रतिशत मत पाएर युक्रेनको छैठौं राष्ट्रपति निर्वाचित भएका थिए । त्यतिबेला जेलेन्स्कीसँग पराजित भएका युक्रेनका पूर्वराष्ट्रपति पेट्रो पोरोसेन्कोले भनेका थिए- अनुभवविहीन युक्रेनको एउटा नयाँ राष्ट्रपति छिट्टै रूसी प्रभावको कक्षभित्र पर्नेछन् ।

तीन वर्षपछि पोरोसेन्को भनाइ गलत सावित त भएको छ । जेलेन्स्की अमेरिकन प्रभावको कक्षमा परेका छन् र रूसले युक्रेनलाई अमेरिकी प्रभावबाट मुक्त पार्न सेना पठाएको छ । रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले किएभमा अमेरिकी प्रभावित हास्य कलाकार (नेपालको ओली जस्तै) जेलेन्स्कीको सरकार ढालेर स्वतन्त्र सरकार बनाउन चाहेका छन् ।

पहिलो पटक कार्यकारी पद सम्हालेका जेलेन्स्कीले दोस्रो विश्वयुद्धपछि युरोपको कुनै एउटा मुलुकले अर्को मुलुकमा गरिरहेको सबैभन्दा ठूलो सैन्य आक्रमण झेलिरहेका छन् । सानो मुलुक युक्रेन अहिले संसारको शक्तिशालीमध्येको एक रूसको सैनिकसँग लडिरहेको छ । कारण रूस घेर्ने अमेरिकन नीति नै हो ।

यस्ता तात्ताता घटनाबाट हाम्रोजस्तो सानो मुलुकले सिक्नुपर्ने हो । तर बिडम्बना हामी यो सिकिरहेका छैनौं, रूस घेर्ने अमेरिकी रणनीतिअनुरूप युक्रेनमा एकजना हास्य कलाकार राष्ट्रपति चुनिए र त्यसको परिणाम आज यूक्रेइनीहरू भोग्दैछन् ।

अमेरिका सबै देशमा एकै रूपबाट प्रस्तुत हुँदैन, विश्वभरि हैकम चलाउन फरक फरक रूपबाट प्रस्तुत हुन्छन् र नेपालमा एमसीसीको माध्यमबाट चीन घेर्ने रणनीतिलाई अघि सारेर प्रस्तुत भइरहेका छन् । जस्तो कि रूस घेर्न युक्रेनमा आफू अनुकूलको सरकार, यसर्थमा भविष्यमा हाम्रो भोगाइ पनि युक्रेनको जस्तै हुनेछ । हामीमाथि चीनले पनि आक्रमण गर्न बाध्य हुनेछ, चीन घेर्ने रणनीतिलाई टुलुटुलु हेरेर चीन पक्कै बस्नेछैन होला ! र अन्ततः त्यो भोगाई आम नेपालीले नै भोग्ने हो ।

अब यो र यस्ता कुरालाई तोडमरोड गरेर युक्रेनमा रूसी आक्रमणको विरोध गरेर अमेरिकन मुखौटोको ढाकछोप मात्र गर्ने कुनै पनि प्रकारको रूसी आक्रमणको विरोध गर्ने ढोंगी ब्यक्ति वा राजनीतिक पार्टीलाई बेलैमा चिनेनौं र त्यस्तै उदेश्य बोकेर प्रवेश गर्न चाहेको :ऋत्रऋ यदी संसदबाट पारित गराइयो भने कुनै पनि समय वा भविष्यमा चीन नेपालमाथि बम बर्साउन बाध्य हुनेछ र त्यतिखेर अमेरिकाले नेपाललाई सहयोग गर्नेछैन ।

अब नेताको मात्र भर परेर हुँदैन आम उत्पीडित नेपाली जनता घर घरबाट उठेर देशभर क्रान्तिको आगो बाल्न ढिलो भइसक्यो, एमसीसीको पक्षमा वकालत गर्ने गद्दारहरूलाई बेलैमा लखेट्न सकिएन भने हाम्रो भविष्य युक्रेनको जस्तै हुनेमा कुनै शंका नगरे हुन्छ ।

### 'नेपाललाई युक्रेन जस्तै बनाउने षड्यन्त्र हो एमसीसी'

जारकालीन समयमा युक्रेन रुसी साम्राज्यअन्तर्गत थियो । जब लेनिनको नेतृत्वमा सन् १९१७ मा महान् अक्टोवर समाजवादी क्रान्ति भयो कम्युनिष्ट सरकारले 'आत्म निर्णयको अधिकार' प्रदान गर्‍यो । जारले उपनिवेश बनाएका राष्ट्रहरूलाई उनीहरू एउटा ठूलो राष्ट्र सोभियत संघमै बस्ने कि अलग राष्ट्रका रूपमा रहने ? भनी रोज्न दियो । त्यतिखेर पोल्याण्ड, चेकोस्लाभाकिया जस्ता देशहरू स्वतन्त्र रूपमा रहन चाहे र तिनीहरूलाई स्वतन्त्रता प्रदान गरियो । तर युक्रेनी जनमत सोभियत संघमै विशाल राष्ट्रका रूपमा रहन चाहेकाले यो सोभियत संघको एक संघीय राज्यका रूपमा रह्यो । तर जब सन् १९९१ मा सोभियत संघमा कम्युनिष्ट सत्ताको विघटन भयो, तब युक्रेन स्वतन्त्र राष्ट्र बन्यो ।

त्यसपछि अमेरिकी साम्राज्यवादले रुसको प्रभावमा रहेका स्वतन्त्र राष्ट्रमा गतिविधि बढाउन थाल्यो । युक्रेनको सवालमा त्यहाँ सत्ता पलट गर्न लगाएर रुसी प्रभावमा रहेका राष्ट्रपतिलाई कूद्वारा हटाउन लगायो र आफ्ना कठपुतली शासकहरूलाई सत्तामा ल्याई रुसको विरोधमा उचाल्न थाल्यो । त्यही अमेरिकी नीतिअनुसार वर्तमान राष्ट्रपति जेलेन्स्की धेरै अघि बढेका छन् र अमेरिकी हातहतियार संकलन गर्ने र पश्चिमा पुँजीवादी राष्ट्रहरूको रुस विरोधी सैन्य गठबन्धन नाटोको सदस्यता ग्रहण गर्ने दिशामा लागेका छन् । यो कुरा रुसको निम्ति सह्य कुने कुरा भएन र अहिलेको सैन्य आक्रमण त्यसको परिणाम हो । हुन त एउटा सार्वभौम मुलुकमा गरिने हस्तक्षेपलाई राम्रो मानिन्न । तर यो रुसको बाध्यात्मक कदम हो । आफ्नो छिमेकी देशलाई उचालेर आफ्नो विरुद्ध गतिविधि गरेको कुनै पनि शक्ति राष्ट्रले टुलुटुलु हेरेर बस्ने भन्ने हुँदैन ।

अमेरिकी साम्राज्यवाद विश्वभर यस्तै समस्या सृजना गरी आफ्ना हातहतियारको व्यापार गरी विश्वभर युद्ध मच्चाइरहेछ । नेपालमा पनि एमसीसीको माध्यमबाट चीनलाई घेरा हाली अमेरिका नेपाललाई युक्रेनको अवस्थामा पुर्याउन खोजिरहेछ । यो सवाल नेपालका जेलेन्स्कीहरुले बुझ्न जरुरी छ । कतै नेपाली जनता युद्धको भुमरीमा पर्ने र नेपाली जेलन्स्कीहरुले साम्राज्यवादले हामीलाई फसाएर भाग्यो भनी चेत्न नपरोस् । नेपाली जलेन्स्कीहरुको र अमेरिकाको यो करतुत बेलैमा बुझेर नेपाली जनताहरू पनि बेलैमा एमसीसीविरुद्धको संघर्षमा उत्रिनु आवश्यक छ ।

## निर्णायक...

गरिएको छ ।

**यस्तो छ अपिलको पूर्णपाठ :**

*आदरणीय जनसमुदाय,*

नेपाल सरकार र अमेरिकाको एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) का बीच सन् २०१७मा राष्ट्रघाती संझौता गरी नेपाललाई विद्युत प्रसारण लाइन र सडक विस्तार गर्नका लागि भनेर रु ५६अर्व अनुदान दिइने भनियो । अनि यो संझौता नेपालको विकास निर्माण र गरिबी निवारणका लागि अति उपयोगी, अचुक औषधि र रामवाणै हो भनेर ढोल पिटियो । यस संझौतालाई संसदबाट अनुमोदन गराउनका लागि अत्यन्तै ठुला षडयन्त्र र कसरत हुँदै आएका छन् । संझौताका विरुद्ध संघर्ष पनि निरन्तर चल्दै आएको छ । अब स्थिति निर्णायक मोडमा पुगेको छ ।

*वस्तुतः एमसीसी संझौता किन राष्ट्रघाती छ त ? किनभने –*

१. यो सम्झौता नेपालको समृद्धि र गरिबी निवारणका लागि ल्याइएको होइन । यो कथित अनुदान नेपाललाई नवउपनिवेशवादको महाजालमा फसाई नेपालको राष्ट्रिय स्वाधीनतामाथि प्रहार गर्ने र नेपालको राष्ट्रिय सम्पदा लुट्ने उद्देश्यमा आधारित छ ।

२. एमसीसी विशुद्ध आर्थिक अनुदानमा आधारित संझौता नभई अमेरिकाको रक्षा मन्त्रालय र सुरक्षा छातासित सम्बन्धित हिन्द-प्रशान्त रणनीतिको एक अभिन्न अङ्ग हो । यो कुरा स्वयं अमेरिकी अधिकारीहरुले बताउँदै आएका छन् । यस संझौताको मूल उद्देश्य चीनलाई घेराबन्दीमा पार्न नेपाली भूमिको दुरुपयोग गर्नु र नेपाललाई सैन्य अखडा बनाउनु रहेको छ ।

३. यो राष्ट्रघाती संझौता नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तका विरुद्ध रहेको छ । यसलाई संसदबाट अनुमोदन गरिएमा नेपाल अमेरिकाको सुरक्षा छाताभित्र रहनुपर्ने गंभीर खतरा पैदाहुन सक्ने छ ।

४. एमसीसी संझौता नेपालका कानुन भन्दा माथि रहेको छ । यस संझौतामा नेपालका कानुन संझौतासित बाझिएमा संझौता नै मान्य हुने र यही कुरा भविष्यमा बनाइने अमरिकी कानुनका सन्दर्भमा पनि लागुहुने भनी उल्लेख गरिएको छ । यो नेपालको राष्ट्रिय सार्वभौमिकता र स्वाभिमानका लागि ठाडो चुनौती र अत्यन्तै घातक विषय हो ।

५. यस संझौतामा नेपालका सामु अत्यन्तै कडा सर्त थोपरिएका छन् । जस्तो कि – यो संझौता कार्यान्वयन गर्न भारतसित अनिवार्य स्वीकृति लिनुपर्ने, परियोजनाको लेखा परीक्षण नेपालले गर्न नपाउने, परियोजना अवधि सकिए पनि त्यसका केही प्रावधान कायमै रहने, परियोजनामा काम गर्ने कर्मचारीद्वारा कुनै अपराध गरिएमा नेपालको कानुनद्वारा दण्डित गर्न नपाइने, अनि यस संझौतामा कुनै पनि संशोधन नहुने, आदि । यी नेपालको सार्वभौमिकता माथिका ठाडा चुनौती हुन् ।

६. नेपालमा यस प्रकारको संझौताको विरोध हुँदै आएकोमा अमेरिकाका सहायक विदेश मन्त्री लगायतका अधिकारीहरुद्वारा यो संझौता संसदबाट अनुमोदन नगरिएमा नेपाल चीनको पोल्टामा गएको ठहरिने र त्यस स्थितिमा अमेरिकाले नेपाललाई दिँदै आएका सबै सहायता तथा अनुदान रोक्ने लगायतका कडा धम्की दिइएको यथार्थ जगजाहेर नै छ ।

यसरी, उक्त विषयमाथि गंभीरतापूर्वक विचार गर्दा एमसीसी संझौता जनविरोधी तथा राष्ट्रघाती भएको स्पष्टै छ । परन्तु, नेपाली काङ्ग्रेसको गठबन्धन सरकारका प्रधानमन्त्री भने आँखा चिम्लेर अमेरिकी साम्राज्यवादको दलाली गर्दै एमसीसी संझौता विशुद्ध आर्थिक सहयोगमा आधारित रहेकोले यसलाई अनुमोदन नगर्दा देशको अन्तर्राष्ट्रिय छवि धमिलिने भन्दै संघर्षको मैदानमा उत्रिएका देशभक्त नेपालीहरुमाथि दमन तथा धरपकड गर्ने लगायतका निर्लज्ज काममा उत्रिएका छन् ।

*देशभक्त जनसमुदाय,*

यो बेला राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्तै गंभीर र संवेदनशील बन्न गएको छ । यस स्थितिमा हाम्रो पार्टी सडक संघर्षमा उत्रिएका सम्पूर्ण देशभक्त जनता तथा वामपन्थी पार्टीहरुलाई संघर्षलाई नयाँ उचाइ प्रदान गर्न हार्दिक अपील गर्दछ । साथै, देशभक्त सांसदहरुलाई समेत राष्ट्रघाती संझौता खारेज गर्नका लागि दृढतापूर्वक उभिन विशेष अनुरोध गर्दछ ।'

### राष्ट्रघाती एमसीसी संझौता खारेज गराउन संघर्षलाई नयाँ उचाइ प्रदान गरौं !

आदरणीय जनसमुदाय,

नेपाल सरकार र अमेरिकाको एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) का बीच सन् २०१७मा राष्ट्रघाती संझौता गरी नेपाललाई विद्युत प्रसारण लाइन र सडक विस्तार गर्नका लागि भनेर रु ५६अर्व अनुदान दिइने भनियो । अनि यो संझौता नेपालको विकास निर्माण र गरिबी निवारणका लागि अति उपयोगी, अचुक औषधि र रामबाणै हो भनेर ढोल पिटियो । यस संझौतालाई संसदबाट अनुमोदन गराउनका लागि अत्यन्तै ठुला षडयन्त्र र कसरत हुँदै आएका छन् । संझौताका विरुद्ध संघर्ष पनि निरन्तर चल्दै आएको छ । अब स्थिति निर्णायक मोडमा पुगेको छ ।

वस्तुतः एमसीसी संझौता किन राष्ट्रघाती छ त ? किनभने –

१. यो संझौता नेपालको समृद्धि र गरिबी निवारणका लागि ल्याइएको होइन । यो कथित अनुदान नेपाललाई नवउपनिवेशवादको महाजालमा फसाई नेपालको राष्ट्रिय स्वाधीनतामाथि प्रहार गर्ने र नेपालको राष्ट्रिय सम्पदा लुट्ने उद्देश्यमा आधारित छ ।

२. एमसीसी विशुद्ध आर्थिक अनुदानमा आधारित संझौता नभई अमेरिकाको रक्षा मन्त्रालय र सुरक्षा छातासित सम्बन्धित हिन्द-प्रशान्त रणनीतिको एक अभिन्न अङ्ग हो । यो कुरा स्वयं अमेरिकी अधिकारीहरुले बताउँदै आएका छन् । यस संझौताको मूल उद्देश्य चीनलाई घेराबन्दीमा पार्न नेपाली भूमिको दुरुपयोग गर्नु र नेपाललाई सैन्य अखडा बनाउनु रहेको छ ।

३. यो राष्ट्रघाती संझौता नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तका विरुद्ध रहेको छ । यसलाई संसदबाट अनुमोदन गरिएमा नेपाल अमेरिकाको सुरक्षा छाताभित्र रहनुपर्ने गंभीर खतरा पैदाहुन सक्ने छ ।

४. एमसीसी संझौता नेपालका कानुन भन्दा माथि रहेको छ । यस संझौतामा नेपालका कानुन संझौतासित बाझिएमा संझौता नै मान्य हुने र यही कुरा भविष्यमा बनाइने अमरिकी कानुनका सन्दर्भमा पनि लागुहुने भनी उल्लेख गरिएको छ । यो नेपालको राष्ट्रिय सार्वभौमिकता र स्वाभिमानका लागि ठाडो चुनौती र अत्यन्तै घातक विषय हो ।

५. यस संझौतामा नेपालका सामु अत्यन्तै कडा सर्त थोपरिएका छन् । जस्तो कि – यो संझौता कार्यान्वयन गर्न भारतसित अनिवार्य स्वीकृति लिनुपर्ने, परियोजनाको लेखा परीक्षण नेपालले गर्न नपाउने, परियोजना अवधि सकिए पनि त्यसका केही प्रावधान कायमै रहने, परियोजनामा काम गर्ने कर्मचारीद्वारा कुनै अपराध गरिएमा नेपालको कानुनद्वारा दण्डित गर्न नपाइने, अनि यस संझौतामा कुनै पनि संशोधन नहुने, आदि । यी नेपालको सार्वभौमिकता माथिका ठाडा चुनौती हुन् ।

६. नेपालमा यस प्रकारको संझौताको विरोध हुँदै आएकोमा अमेरिकाका सहायक विदेश मन्त्री लगायतका अधिकारीहरुद्वारा यो संझौता संसदबाट अनुमोदन नगरिएमा नेपाल चीनको पोल्टामा गएको ठहरिने र त्यस स्थितिमा अमेरिकाले नेपाललाई दिँदै आएका सबै सहायता तथा अनुदान रोक्ने लगायतका कडा धम्की दिइएको यथार्थ जगजाहेर नै छ ।

यसरी, उक्त विषयमाथि गंभीरतापूर्वक विचार गर्दा एमसीसी संझौता जनविरोधी तथा राष्ट्रघाती भएको स्पष्टै छ । परन्तु, नेपाली काङ्ग्रेसको गठबन्धन सरकारका प्रधानमन्त्री भने आँखा चिम्लेर अमेरिकी साम्राज्यवादको दलाली गर्दै एमसीसी संझौता विशुद्ध आर्थिक सहयोगमा आधारित रहेकोले यसलाई अनुमोदन नगर्दा देशको अन्तर्राष्ट्रिय छवि धमिलिने भन्दै संघर्षको मैदानमा उत्रिएका देशभक्त नेपालीहरुमाथि दमन तथा धरपकड गर्ने लगायतका निर्लज्ज काममा उत्रिएका छन् ।

देशभक्त जनसमुदाय,

यो बेला राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्तै गंभीर र संवेदनशील बन्न गएको छ । यस स्थितिमा हाम्रो पार्टी सडक संघर्षमा उत्रिएका सम्पूर्ण देशभक्त जनता तथा वामपन्थी पार्टीहरुलाई संघर्षलाई नयाँ उचाइ प्रदान गर्न हार्दिक अपील गर्दछ । साथै, देशभक्त सांसदहरुलाई समेत राष्ट्रघाती संझौता खारेज गर्नका लागि दृढतापूर्वक उभिन विशेष अनुरोध गर्दछ ।

मिति : फागुन १४, २०७८ ।

केन्द्रीय कार्यालय

नेकपा (क्रान्तिकारी माओवादी)

## ‘एमसीसी श्रीलंका अध्ययन रिपोर्ट इतिहासमा स्मरणीय रहनेछ’

# हाम्रो रिपोर्टको निष्कर्षका आधारमा श्रीलंकाबाट एमसीसी फिर्ता भयो

*(नेपालमा एमसीसी विरुद्धको आन्दोलन उत्कर्षतिर छ तर संसदवादी दलहरुले एमसीसी पास गर्न एउटा नाटक मञ्चन गर्दैछन् गठवन्धन जोगाउने नाउँमा संघीय संसदबाट एमसीसी पास गर्दैछन् । यही सन्दर्भमा प्राध्यापक गुनरुवान जसको नेतृत्वमा ‘एमसीसी श्रीलंका अध्ययन रिपोर्ट’ तयार पारिएको थियो र जसको आधारमा ँ श्रीलंकाबाट एमसीसी फिर्ता गरिएको थियो, उहाँसंगको अन्तरवार्ता सान्दर्भिक लागेर यहाँ साभार गरिएको छ –सम्पादक)*



❑ श्रीलंकाका प्राध्यापक गुनरुवान

*एमसीसी श्रीलंका अध्ययन समूहका अध्यक्ष कोलम्बो विश्वविद्यालय अर्थशास्त्र विभागका प्राध्यापक टीएल गुनरुवानको अनुभव नेपाल र नेपालीहरूका लागि काम लाग्न सक्छ । नेपालमा एमसीसीको बहस क्लाइमेक्समा पुगेका बेला श्रीलंकामा यसबारे कसरी बहस भयो र किन एमसीसी त्यहाँबाट फिर्ता भयो भन्ने जानकारी हाम्रा लागि सान्दर्भिक बन्न सक्छ । श्रीलंकाले अमेरिकी सहयोग एमसीसीका बारेमा गहिरो अध्ययन र बहस गरेको थियो । यस्तो अध्ययन र बहसमा विज्ञ एवं थिंक टैंकहरूको उल्लेख्य सहभागिता रहेको थियो । यही राष्ट्रिय बहसका क्रममा अर्थशास्त्री एवं प्राध्यापक गुनरुवानले एमसीसी श्रीलंका अध्ययन समूहको अध्यक्षका रुपमा भूमिका खेल्नुभएको थियो । एमसीसीसीको सन्दर्भमा श्रीलंकास्थित कोलम्बो विश्वविद्यालयका प्राध्यापक गुनरुवानसँग काठमाडौंस्थित त्रिभुवन विश्वविद्यालय अंग्रेजी केन्द्रीय विभागका उपप्राध्यापक तारालाल श्रेष्ठले लिएको अन्तरवार्ता यहाँ प्रस्तुत गरिएको छ ।*

***श्रीलंकामा कस्तो परिवेशबाट एमसीसी सम्झौताको गतिविधि अघि बढ्यो र विवाद चुलिँदै गएर अन्ततः एमसीसी श्रीलंकाबारे विशेष अध्ययन टोली नै गठन गर्नुपर्ने अवस्था कसरी सिर्जना भयो ?***

एमसीसी विद्यमान दातृ संस्था यूएसएडलाई छायाँमा पार्ने किसिमले नयाँ स्वरुपमा देखा परेको छ । श्रीलंकाले यूएसएडमार्फत अमेरिकी सहायता लामो समयदेखि प्राप्त गर्दै आएकै हो । सन् २००१ देखि नै एमसीसीको प्रस्तावना छलफलको विषय बनेको देखिन्छ । सन् २००४ मा श्रीलंकामा सरकार परिवर्तन भयो । सन् २००५ देखि २०१५ सम्म एमसीसीबारे कुनै प्रक्रिया अघि बढेन । त्यसपछि एकाएक नयाँ सरकार बनेपछि सन् २०१५ देखि २०१८ भित्र एमसीसी सम्झौताका गतिविधिले तिव्रता पायो ।

बाह्य विज्ञ टोलीको अगुवाईमा केहि श्रीलंकनसंलग्न समूहले एमसीसी तयारीका लागि गृहकार्य अगाडि बढाइएको थियो । तिनले एमसीसी सम्झौता दस्तावेज तयार पार्‍यो । जसका कारण श्रीलंकामा ५२ दिनभित्र दुई पटक सरकार परिवर्तन भयो । यस्तो सम्वेदनशील समयमा पनि एमसीसी सम्झौताका कामकारबाही द्रुत गतिमै अघि बढाइयो । जब सम्झौतालाई सदनबाट अनुमोदन तथा हस्ताक्षर गर्ने समय आयो, जनदबाब एकाएक बढ्यो । अगुवा बौद्धभिक्षु कोलम्बोमा आमरण अनसन बसे ।

राष्ट्रपति निर्वाचनको माहोल थियो । आफूलाई भोट दिएर विजयी बनाइदिएमा एमसीसी पास नगर्ने घोषणा जनतामाझ गर्ने अवस्थामा उम्मेदवार उभिए । एमसीसी सम्झौताबारे गहन अध्ययन र विमर्शको आवश्यकता औंल्याइयो । राष्ट्रपतिबाट विशेष अध्ययन टोली गठनको घोषणासँगै भिक्षु अभियन्ताको आमरण अनसन अन्त्य भयो । एमसीसी अध्ययन टोली गठन भई जनवरी २०२० देखि विधिवत अध्ययन कार्य थालनी भयो ।

***एमसीसी सम्झौताका सर्तहरू बहुआयामिक विषयसँग जोडिएको बुझिन्छ, अध्ययन समूह टोलीमा तपाईंहरू नियुक्त गरिनुका आधार के हुन् जस्तो लाग्छ ?***

यसबारेमा आधिकारिक उत्तर दिन म सक्दिनँ । मन्त्री परिषदबाट निर्णय भई प्रधानमन्त्री कार्यालयबाट हामीलाई नियुक्त गरिएको हो । सम्माननीय प्रधानमन्त्रीलाई विश्लेषणात्मक क्षमताका अलवा प्राविधिक ज्ञानको पनि आवश्यकता पर्ने बोध भएकाले सम्भवत् हामी छनौटमा पर्‍यौं । निहल जयवर्देना, प्रेसिडेन्ट काउन्सिल, दुई दशक बढी समयदेखि प्रतिष्ठित सरकारी कानुन व्यवसायी हुन् । डिएस जयविरा नीति निर्माणमा सामुदायिक व्यवस्थापकको भूमिका निर्वाह गर्दै मन्त्रालयका सचिव तथा शहरी विकास निकायका अध्यक्षका रुपमा समेत कार्यदक्षता हासिल गरेका विज्ञ हुन् । नालका जयविरा श्रीलंकाको वैदेशिक व्यापार सम्झौता मूल्यांकनमा अग्रणी भूमिका निर्वाह गरेका चार्टर आर्किटेक्ट हुन् । उनले एमसीसी सम्झौताबारे अध्ययन गरी सार्वजनिकरुपमा विचार राख्दै आएका थिए ।

जोखिम पक्कै थिए, हामीले त्यसको पर्वाह गरेनौं । जोखिमबाट तर्सिएर केहि काम हुनेवाला छैन । यसको अलवा कुनै पनि क्षेत्रमा आवद्ध व्यक्ति वा समूहलाई हरेक राष्ट्रिय मुद्दामा निर्भिक रुपले संलग्न हुने छुट छ । राष्ट्रिय सम्वेदनशील विषयमाथि कुनै पनि पेशाकर्मी वा सर्वसाधारण बोल्न सक्छन् । अझ राष्ट्रिय मुद्दामाथि अभिव्यक्ति स्वतन्त्रतामा रोक लगाउने छुट कसैलाई छैन ।

म आफैं प्राध्यापकको अलवा राष्ट्रिय योजना आयोग, राष्ट्रिय विकास परिषद्, राष्ट्रिय अर्थशास्त्र परिषद्मा नीति विश्लेषक भई काम गरेको छु । रेलमार्गको जेनेरल निर्देशकदेखि थुप्रै सार्वजनिक संस्थाको व्यवस्थापकीय कार्यमा योगदान दिएको अनुभवका कारण सायद मलाई अध्ययन टोलीको नेतृत्व गर्ने जिम्मेवारी स्वतन्त्र, निर्भीक तथा तार्किक मूल्यांकनसहित निचोडको अपेक्षाले दिएको हुन सक्छ ।

***लामो समयदेखि अति विभाजित र विवादास्पद रुपमा विद्यमान राजनीतिक विषयको अध्ययन कार्य सम्पन्न गर्दा कत्तिको जोखिम वा दबाबको सामना गर्नु पर्‍यो ?***

हामीले कुनै जोखिम महसुस गरेनौं । हामीलाई आफ्नो पेशागत स्वतन्त्रतामा रहेर अध्ययनकार्य गर्न भनिएको थियो । हुनत एमसीसी माथि अध्ययन सम्पन्न गरि निचोड निकाल्नु राजनीतिक रुपमा निकै समवेदनशील विषय थियो । तर, स्वतन्त्र अध्ययन कर्म नै स्पष्ट रुपमा हाम्रो पेशागत धर्म थियो । हामीले खुशीसाथ जिम्मेवारी बहन गर्‍यौं । कुनै पनि विदेशी वा घरेलु शक्तिको प्रभाव, प्रलोभन, व्यक्तिगत वैचारिक लगायत पूर्वाग्रहभन्दा पर रहेर अध्ययन गर्‍यौं । र, स्पष्ट निचोड प्रस्तुत गर्‍यौं । त्यसक्रममा हामीले कुनै जोखिमको पर्वाह गरेनौं । निःस्वार्थ र निर्भिक रुपमा जिम्मेवारी पूरा गर्‍यौं । जोखिम पक्कै थिए, हामीले त्यसको पर्वाह गरेनौं । जोखिमबाट तर्सिएर केहि काम हुनेवाला छैन । यसको अलवा कुनै पनि क्षेत्रमा आवद्ध व्यक्ति वा समूहलाई हरेक राष्ट्रिय मुद्दामा निर्भिक रुपले संलग्न हुने छुट छ । राष्ट्रिय सम्वेदनशील विषयमाथि कुनै पनि पेशाकर्मी वा सर्वसाधारण बोल्न सक्छन् । अझ राष्ट्रिय मुद्दामाथि अभिव्यक्ति स्वतन्त्रतामा रोक लगाउने छुट कसैलाई छैन ।

***कोरोना महामारीको पहिलो चरणका बेला सामाग्री संकलन, सरोकारवालासँग भेटघाट, सामान्यजनसँग छलफल, अन्तरक्रिया आदि कार्यलाई निश्चित समयभित्रै सम्पन्न गर्ने काम पनि निकै चुनौतिपूर्ण थिएन र ?***

यी यावत काम पक्कै पनि चुनौतिपूर्ण थिए तर अति असहज भने भएन । हामी पूर्ण रुपमा जिम्मेवारी सम्पन्न गर्न कटिबद्ध थियौं । प्रधानमन्त्री तथा राष्ट्रपति कार्यालयले आफूसँग भएका सामाग्री उपलब्ध गराउनेदेखि भेटघाट तथा छलफलमा सहयोग गर्‍यो । स्वाधीन तथा तथ्यपरक अध्ययन अघि बढाउने मामलामा पनि सहयोग पुर्‍यायो । हामीले आम नागरिक तथा पेशाकर्मीबाट लिखित प्रतिक्रिया तथा जानकारी प्रदान गर्न सार्वजनिक सूचना मिडियामा प्रकाशन गरिकन आह्वान गरेका थियौं ।

संसद्बाट अनुमोदनसहित एमसीसी सम्झौता दस्तावेजमा हस्ताक्षर गरिएमा श्रीलंका प्राविधिकरुपमा बाँधिने, विद्यमान संविधान र राष्ट्रिय स्वाधीनतामाथि आँच पुर्‍याउने देखियो । सदनबाट दुई तिहाइले सम्झौता पास गरेर मात्रै पनि नपुग्ने, जनमत संग्रह नै आवश्यक पर्ने कतिपय सम्वेदनशील विषय पनि सम्झौतामा छन् । यसर्थ, हामीले सरकारलाई हस्ताक्षर नगर्न सुझायौं ।

अन्तर्राष्ट्रिय मामिला हेर्ने निकायबाट विश्वका अनुभव बुझ्ने प्रयास पनि गर्‍यौं । सार्वजनिक कार्यशालासहित अनुसन्धान रिपोर्टमाथि छलफल तथा प्रकाशनका कामलाई पनि प्राथमिकतामा राख्यौं । कुनै पनि समूह एमसीसीबारे बहस गर्न तयार हुँदा हामीले सहर्ष रुपमा स्वागत गर्‍यौं । प्रधानमन्त्री कार्यालयमै एमसीसी योजना तथा समन्वय कार्यालय स्थापना गरिएको थियो । त्यहीबाट धेरै अध्ययनकार्य र छलफल सम्पन्न गर्‍यौं । एमसीसी योजना तर्जुमाका चरणहरूमा प्रत्यक्ष संलग्नहरूसँग छलफल गर्‍यौं ।

प्रारम्भिक निष्कर्षलाई विभिन्न आधिकारिक निकाय तथा सरोकारवालामाझ प्रस्तुत गरि सुझाव संकलन गर्‍यौं । कति दस्तावेज भेटिएनन्, १८ वर्ष लामो समयभित्र तयार पारिएका सबै दस्तावेज सहजै प्राप्त हुन सम्भव पनि थिएन । जति सामाग्री भेटिए, तिनलाई हामीले इमान्दारिपूर्वक उपयोग गर्‍यौं । नभेटिएका दस्तावेजबारे पनि जानकारी गरायौं । उपलब्ध समयसीमाभित्र हामीले सक्दो तार्किक तथा विस्तृत अध्ययन-विश्लेषण गर्‍यौं । अन्ततः जुन २०२० मा अन्तिम अध्ययन रिपोर्ट पेश गर्‍यौं । उक्त रिपोर्ट सार्वजनिक रुपमा राष्ट्रपति कार्यालयको आधिकारिक वेभसाइटमा उपलब्ध छ ।

***एमसीसी श्रीलंका अध्ययन रिपोर्ट निष्कर्षले एमसीसी सम्झौता राष्ट्रिय हीत विपरित भएको भन्दै सोझैं अस्वीकार गर्न सरकारलाई सुझाएको देखिन्छ । कुन आधारमा यस्तो निष्कर्षमा पुग्ने साहस प्राप्त भयो ?***

मलाई विश्वास छ, तार्किकता, सन्दर्भस्रोत र सुझावहरूका आधारमा रिपोर्ट स्पष्ट रुपमा आएको छ । हामीले एमसीसी प्रक्रियाको थालनीदेखि नै गलत गतिविधि भएको पायौं । त्यसलाई औंल्याएर हामीले रिपोर्टमा स्पष्ट रुपमा उल्लेख गरेका छौं । प्रक्रिया, विधी र विधानसँग बाझिने विषयलाई स्पष्ट पार्न भनेका छौं । संसद्बाट अनुमोदनसहित एमसीसी सम्झौता दस्तावेजमा हस्ताक्षर गरिएमा श्रीलंका प्राविधिकरुपमा बाँधिने, विद्यमान संविधान र राष्ट्रिय स्वाधीनतामाथि आँच पुर्‍याउने देखियो । सदनबाट दुई तिहाइले सम्झौता पास गरेर मात्रै पनि नपुग्ने, जनमत संग्रह नै आवश्यक पर्ने कतिपय सम्वेदनशील विषय पनि सम्झौतामा छन् । यसर्थ, हामीले सरकारलाई हस्ताक्षर नगर्न सुझायौं । अध्ययनबाट हतारमा हस्ताक्षर गर्न नहुने निष्कर्ष निस्कियो र हामीले हस्ताक्षर गर्न हुन्न भन्यौं ।

***एमसीसी श्रीलंका विवादमा प्राज्ञिक तथा पेशाकर्मी कत्तिको, कसरी जोडिए ? मेडिया म्यानुपुलेसन र कूलीन बुद्धिकर्मीको दूरुपयोग भएका प्रमाणहरू पनि छन् कि ?***

हामीले जे जति दस्तावेज वा जानकारी उपलब्ध भए सकेसम्म सबैलाई बटुल्यौं । कतिपय प्राज्ञिक आलेख पनि पायौं । विश्व सन्दर्भलाई पनि केलायौं । एमसीसीको अन्य मुलुकहरूमा देखिएका प्रभावलाई पनि सक्दो अध्ययन गर्‍यौं । हामीले अध्ययन गर्ने समयमा एमसीसीबारे विभिन्न मिडियामा बहस भए । रिपोर्ट बुझाएपछि पनि बहसहरू जारी छन् । एमसीसी बहस वा विवादमा निकै सीमित प्राज्ञिक वा पेशाकर्मी संलग्न भएका भेटिन्छन् । जुन अस्वभाविक होइन । प्रायः अधिकांश प्राज्ञिक वा पेशाकर्मी व्यक्तिगत स्वार्थलाई प्राथमिकतामा राख्छन् ।

राष्ट्रिय स्वार्थमा बोल्न रुचाउने जहाँतहीँ सीमित मानिस हुन्छन् । हामीले कति प्राज्ञिक वा पेशागत विषय विज्ञ यस विषयमा बोले वा बोलेनन् त्यसको पर्वाह गरेनौं । स्वाधीन भएर आफ्नो जिम्मेवारी पूरा गर्‍यौं । वस्तुपरक निचोडसहितको रिपोर्ट बुझायौं । प्रजातान्त्रिक मुलुकको नागरिक, प्राज्ञिक होस् कि पेशाकर्मी वा सर्वसाधारण, राष्ट्रिय हीतलाई केन्द्रमा राखेर बोल्नु नै आगामी पुस्ताका लागि हितकर हुने हाम्रो बुझाई थियो ।

अन्ततः गम्भीर आर्थिक संकटको सामना गरिरहेको श्रीलंकाले एमसीसी अनुदान अस्वीकार गर्‍यो हगि ? श्रीलंकाबाट एमसीसी फिर्ता हुँदाको क्षणबारे केही वर्णन गरिदिनु हुन्छ कि ?

हाम्रो जिम्मेवारी अन्तिम अध्ययन रिपोर्ट बुझाएपछि सकियो । तैपनि हाम्रो बुझाइमा सरकारले कुटनीतिक ढंगले एमसीसीसँग कुराकानी गर्‍यो । हाम्रो रिपोर्टको निष्कर्षका आधारमा सामाजिक, सांस्कृतिक, राजनीतिक लगायत राष्ट्रिय स्वाधीनतालाई केन्द्रमा राखी सरकारले विद्यमान अवस्थामा सम्झौतामा हस्ताक्षर गर्न असमर्थ रहेको जानकारी एमसीसीलाई गरायो । यो घोषणा कुनै व्यक्तिगत जानकारी वा प्रभावले गर्दा भएको होइन । हामीले कुनै निकाय वा निर्णयलाई प्रभाव पार्न खोजेको पनि होइन । हाम्रो रिपोर्टलाई मन्त्रिपरिषद्ले अध्ययन गर्‍यो । यसमाथि बहस पनि चलायो । अनि हस्ताक्षर गर्न नसकिने जानकारी गरायो । अन्ततः स्वभाविक रुपमा एमसीसी आफैं फिर्ता हुने निर्णयमा पुग्यो । यद्यपि, संसार चलायमान छ । यसलाई अन्तिम दिनका रुपमा लिन सकिन्न । भूराजनीतिक भाष्यबाट बोल्दा अमेरिकी हिन्द प्रशान्त रणनीतिले आफ्नो स्वार्थपूर्तिको अन्य औजार पनि प्रयोग गर्नेछ । एमसीसी आखिर अमेरिकाको थुप्रै मध्ये एउटा रणनीतिक औजार न हो । अमेरिका, जापान, अस्ट्रेलिया र भारतसंलग्न क्यूएडी जस्ता अन्य औजार पनि प्रयोग हुन सक्छन् । यसर्थ मुलुकलाई राष्ट्रिय स्वाधीनताको क्षयीकरणबाट जोगाउने जिम्मा अझै पनि सबैभन्दा महत्वपूर्ण शक्ति सचेत नागरिककै काँधमा छ ।

***एमसीसी श्रीलंका अध्ययन रिपोर्ट निष्कर्षका बारेमा अन्तमा केही छुटेका विशेष कुरा भन्नु छ कि ?***

एमसीसी श्रीलंका अध्ययन समितिको अध्यक्षका हैसियतले मैले जुन जिम्मेवारी वहन गरे, त्यसमा म खुशी छु । अन्य सदस्य पनि मेरो बुझाइमा खुशी छन् । किनकि हामीले स्वाधीनताका साथ आफ्नो विज्ञता तथा क्षमतालाई समर्पण गरि अध्ययन कार्य सम्पन्न गरेका थियौं । यसर्थ पनि अहिलेसम्म कुनै किसिमको दबाब कहीँ कतैबाट सामना गर्नु परेको छैन । किनकि हामीले अध्ययनका क्रममा व्यक्तिगत स्वतन्त्रता, बौद्धिक कर्म तथा पेशागत धर्मलाई पालना गर्‍यौं ।

हामी यस अर्थमा थप खुशी छौं कि हामीले हाम्रो पूर्खाप्रति पनि न्याय गर्न सक्यौं । जसको बलिदानीबाट यस मुलुकले स्वाधीन इतिहास निर्माण गर्‍यो । जसले हामीलाई पसिना बगाई स्वाभिमानी कर्म गर्ने स्वतन्त्र मुलुक सकुशल सुम्पेर गए । हाम्रो रिपोर्ट वहाँहरू जस्ता आम सचेत-स्वाभीमानी नागरिकप्रति सहि अर्थमा समर्पित छ । मलाई पूरा विश्वस छ, हाम्रो अध्ययन रिपार्ट मुलुकको राजनीतिक-आर्थिक इतिहास र यसको विकासक्रममा एक महत्वपूर्ण कोशेढुंगो रेकर्डका रुपमा स्मरणीय रहनेछ ।





## राष्ट्रघाती...

बुझिइएको छ ।

घाइते हेमराज अवस्थी डडेल्धुराका माओवादी केन्द्रका कार्यकर्ता रहेको जनाइएको छ । टीकाथलीमा बस्दै आएका उनी डडेलधुरा नवदुर्गा ५ का स्थायी वासिन्दा हुन् । अवस्थीका बुवा वडा सचिव रहेको जनाइएको छ । माओवादी केन्द्रका सुदूरपश्चिमका इन्चार्ज खगराज भट्टका अनुसार उनको अहिले अप्रेसनको तयारी भइरहेको छ ।

त्यसैगरी ६ कम्युनिष्ट पार्टी र दुई मोर्चा सम्मिलित एमसीसी खारेज संयुक्त संर्घष समितिले शुक्रबार पश्चिम नवलपरासीको पाँच स्थानमा कोणसभा गरेका छन् । नेकपा(क्रान्तिकारी माओवादी), विप्लव नेकपा, नेकपा(मसाल) राष्ट्रिय जनमोर्चा र देशभक्त जनगणतान्त्रिक मोर्चाले एमसीसी बिरुद्ध कोणसभा गरेका हुन । संर्घष समितिले प्रतापपुरको बेलाटारी, सेमरी, गोपीगंज , बर्दघाट १२ भटौलिया र सरावलको पटखौलीबजारमा राष्ट्रघाती एमसीसी खारेजीको माग गर्दै कोणसभा गरेको क्रान्तिकारी माओवादीका नेता क्षेत्र बहादुर थापा क्षेत्रीले जानकारी दिनुभयो । उनका अनुसार कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चाका नेता चुडामणी भण्डारी ,राष्ट्रिय जनमोर्चाका प्रदेश सदस्य तिलक प्रसाद सुवेदी , नेकपा (मसाल)का जिल्ला प्रवक्ता धनपति सापकोटा र विप्लव नेकपाको नेता रामप्रितले सम्बोधन गर्नुभएको थियो । केन्द्रीय कार्यक्रम बमोजिम जिल्लाको सापेक्षतामा कार्यक्रम गरिएको एमसीसी खारेज संयुक्त संर्घष समितिले जनाएको छ ।

त्यस्तै ६ दल र २ मोर्चा व्दारा संयुक्तरुपले आयोजित एमसीसी खारेजी बिरोध सभा सुर्खेतको यरिचोकमा सम्पन्न गरिएको छ । उक्त कोणसभामा नेकपा (क्रान्तिकारी माओबादि)को तर्फबाट विकल्पले बोल्नु भयको थियो भने उक्त कार्यक्रमा कर्ण बहादुर बि. सी, स्याम कार्की , पुर्ण पौडेल मदन शाही , हिमाल, छत्र , गोरख, यल्जी मगर, उदय बि. क,लगायत अन्यपार्टीका बक्ताहरुले पनि आ–आफ्नो धारणा राख्नुभएको थियो ।

उता फागुन १३ गते नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समितिको आयोजनामा राष्ट्रघाती एमसीसी खारेज गर्न संघर्ष गरौं भन्ने कुरा जनताको बीचमा राख्ने उद्येश्यले सिन्धुली जिल्ला को सिन्धुली माडी बजारको लोकतान्त्रिक चौतारीमा एक कोणसभा संपन्न भएको छ । कोणसभामा पार्टी केन्द्रीय समितिको सदस्य एबम् जिल्ला ईन्चार्ज जिवनले राष्ट्रघाती एमसीसी सदनमा पेश गरेको छ, संपूर्ण देशभक्त नेपाली सांसदहरुलाई बिपक्षमा मत हाल्न अनुरोध गर्दै संपूर्ण देशभक्त नेपाली राष्ट्रघाती एमसीसी को राष्ट्रघाती सर्तको बारेमा अवगत गराउनु भयो । कोणसभाको संचालन देशभक्त जनगणतान्त्रिक मोर्चाको जिल्ला समिति सेक्रेटरी बालकृष्ण थापाले गर्नु भएको थियो ।

पोखरामा पनि एमसीसी विरुद्ध आयोजना गरिएको संयुक्त कोणसभा कार्यक्रम पोखराको अमरसिंह चोकमा सम्पन्न भएको छ । कास्कीमा ८ दलको कार्यक्रमको सेडुल अनुसार आजको उक्त कोणसभाका वक्ताहरुमा यम सुनार, प्रतिनिधि बैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल, गणेश अधिकारी :- प्रतिनिधि,राजमा र गोकुल पराजुली:सेक्रेटरी नेकपा (बिप्लव) हुनुहुन्थ्यो ।

यता बाँकेमा एमसीसी विरुद्ध आयोजना गरेको संयुक्त जनप्रदर्शन सहित जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम सम्पन्न बाँकेमा एमसीसी विरुद्ध आयोजना गरेको संयुक्त जनप्रदर्शन सहित जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रम सम्पन्न गरिएको छ ।

जिल्लाका विभिन्न स्थानबाट नेपालगन्ज आइपुगेका आन्दोलनकारीले एमसीसी विरुद्ध नाराबाजीका साथै जुलुसले नगर परिक्रमा गरेपछि बाँके जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना तथा विरोध सभाको आयोजना गरिएको हो । नेकपा (क्रान्तिकारी माओवादी) का जिल्ला सेक्रेटरी सुरेश वलिले उक्त कोणसभालाई सम्वोधन गर्नु भएको थियो । सोही कोणसभालाई सम्वोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चाका केन्द्रीय सदस्य लक्ष्मी चौलागाईंले राष्ट्रप्रति माया र गौरव गर्ने सम्पूर्ण नेपालीहरु एमसीसी विरुद्ध संघर्षमा आउने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय जनमोर्चाका पूर्वमहासचिव एवम् पूर्वसांसद हरि आचार्यले नेकपा (मसाल) का तर्फबाट सम्बोधन गर्दै वीरहरुले बचाएर राखेको नेपाललाई अहिलेका शासकहरुले सार्वभौकिमता खत्तम पार्न लागेको आरोप लगाउनुभयो ।

'एमसीसी नेपाललाई गरिने सहयोग मात्रै नभै इन्डोप्यासिफिक सैन्य रणनीति अन्तरगत भएको कुरा स्वयं अमेरिकी अधिकारीहरुले नै पहिले बताएका छन' उहाँले भन्नुभयो, 'यो सम्झौता नेपालको राष्ट्रियताको लागि अत्यन्त घातक रहेकोले नेपाली जनताको आन्दोलनले परास्त गरिछाड्ने छन् ।'

विप्लव नेतृत्वको नेकपाका केन्द्रीय सदस्य तथा बाँके इन्चार्ज दिपकले छिमेकीको सहयोगले घर नबन्ने बरु आफ्नै पौरखले देश बन्ने उदाहरण दिँदै सरकारले संसदमा प्रस्तुत गरेको एमसीसी सम्झौता खारेज नहुँदासम्म आन्दोलन जारी रहने बताउनु भएको थियो । विरोध सभालाई राष्ट्रिय जनमोर्चाका केन्द्रीय सल्लाहकार मोमिना खातुन, नेकपा (माओवादी समाजबादी) का महासचिव नरेश शाही, नेकपा (वैज्ञानिक समाजवादी) का जिल्ला संयोजक मेघराज सुनार लगाएतका वक्ताहरुले उक्त विरोध सभामा विचार राख्नु भएको थियो । विरोध सभाको सञ्चालन नेकपाका जिल्ला सेक्रेटरी अनिलले गर्नुभएको थियो ।

त्यस्तै चितवनमा एमसीसी खारेजी संयुक्त आन्दोलनको रयाली, जिल्ला प्रशासन कार्यालयमा धर्ना, र कोणसभा संपन्न गरिएको छ ।

एमसीसी विरुद्ध नारा लगाउँदै र जुलुस गर्दै चितवनको चोविसकोठी चोकबाट निस्किएको नारासहीतको एमसीसी खारेजी संयुक्त आन्दोलनको जुलुसले जिल्ला प्रशासन कार्यालयमा धर्ना दियो र कोणसभा संपन्न गरेको समाचार प्राप्त भएको छ ।

कोणसभालाई नेपाल अशोक शर्मा र नेकपाका जिल्ला सचिव सन्देशले सम्वोधन गर्नु भएको थियो । चितवनमा गरिएको आन्दोलनमा जनतको सहभागिता बढदै गएको छ भन्ने प्रमाण हिंजको जनसहभागिताबाट देखिन्थ्यो ।

त्यसैगरी अछाममा पनि एमसीसी खारेजी संयुक्त आन्दोलनको जिल्ला प्रशासन कार्यालयमा धर्ना र कोणसभा संपन्न गरिएको छ ।

एमसीसी विरुद्ध नारा लगाउँदै र जुलुस गर्दै मंगलसेन बजार परिक्रमा पछि एमसीसी खारेजी संयुक्त आन्दोलनले जिल्ला प्रशासन कार्यालयमा धर्ना दियो र कोणसभा संपन्न गरेको समाचार प्राप्त भएको छ ।

कोणसभालाई नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समिति सेक्रेटरी शिवराज बजगाईले सम्वोधन गर्दै राष्ट्रघाती एमसीसी सदनमा पेश गरेको छ, त्यसलाई खारेज गराउन संपूर्ण देशभक्त सांसदहरूलाई अनुरोध गर्नु भएको थियो

कोणसभालाई सम्वोधन गर्ने अन्य वक्ताहरुमा नेपाल कम्युनिष्ट पार्टी (विप्लव) का जिल्ला सचिव तपेन्द्र तिमिल्सिना र समाजवादीका विद्यार्थी नेता अर्जुनढुंगना हुनुहुन्थ्यो ।

उता सिन्धुलीमा पनि नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी), नेपाल कम्युनिष्ट पार्टी (विप्लव) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल जिल्ला समिति को संयुक्त संघर्ष समिति बनाई राष्ट्रघाती एमसीसी खारेजी आन्दोलनले सिन्धुली जिल्ला प्रशासन कार्यालयमा धर्ना र कोणसभा संपन्न गरेको छ । धर्नामा नारा लगाउँदै १ बजे कोणसभा संपन्न भएको छ । कोणसभालाई नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समिति ईन्चार्ज जिवनले सम्वोधन गर्दै राष्ट्रघाती एमसीसी सदनमा पेश गरेको छ, बिपक्षमा मत हाली फेल गराउन संपूर्ण देशभक्त सांसदहरूलाई अनुरोध गर्नु भएको थियो । सिन्धुली जिल्लाको तर्फबाट संपूर्ण सिन्धुली जिल्लाको संपूर्ण देशभक्त नेपाली एक होऔँ र राष्ट्रघाती एमसीसी खारेज गर्न जिल्ला प्रशासन कार्यालयमा धर्ना र कोणसभा गरेकोले यो आवाज नेपाल सरकारमा पुर्याउन अनुरोध गर्दछौं भन्नुभयो ।

कोणसभालाई सम्वोधन गर्नेहरुमा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का जिल्ला समिति सेक्रेटरी सुवर्ण, नेपाल कम्युनिष्ट पार्टी (विप्लव) का जिल्ला नेता शशि र जिल्ला समिति सेक्रेटरी गोपाल ब्लोनले संबोधन गर्नु भएको थियो । कार्यक्रमको संचालन देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाले गर्नु भएको थियो ।

यसैगरी कपिलबस्तु-कपिलवस्तुमा नेकपा (क्रान्तिकारी माओवादी) सहित ६ राजनीतिक दल र दुई मोर्चाहरुको संयुक्त आयोजनामा बिहीबार कपिलवस्तुको जिल्ला प्रशासन कार्यालय तौलिहवा घेराउ गरिएको छ । अमेरिकी मिलिनियम च्यालेन्ज कर्पोरेसन एमसीसी सम्झौता राष्ट्रिय हित विपरित रहेको भन्दै उक्त सम्झौतालाई खारेजीको माग गर्दै कार्यालय घेराउ गरिएको हो ।

कोणसभालाई सम्बोधन गर्दै नेकपा क्रान्तिकारी माओवादी पोलिटब्युरो सदस्य नेता धनेश्वर पोखलले संसदवादी दलालहरुले बदनियतपूर्ण तरिकाले आफ्नो देशको राष्ट्रियता अमेरिकालाई बेच्ने कुचेष्टा गरिरहेको बताउँदै आफ्नो पार्टीले यो सम्झौता खारेज नगर्दासम्म निरन्तर संघर्ष गर्ने बताउनुभयो । उहाँले भन्नुभयो 'आजसम्मका जति पनि राष्ट्रघाती सम्झौता गरिएका छन् त्यसमा कांग्रेसको नै अग्रसरता रहेको छ ।'

क्रान्तिकारी माओवादीका जिल्ला ईञ्चार्ज समेत रहनुभएको उहाँले कुनै पनि हालतमासम्झौतालाई लागू हुन नदिने बताउनुभयो । ' अमेरिकाले विकासको नाममा नेपाल प्राकृतिक स्रोत साधनको दोहन गर्ने लक्ष्यसहित नेपाल भित्रिने योजना बनाएको छ, यो देशका न्यायप्रेमी आम युवा विद्यार्थीहरुले उक्त सम्झौता खारेज गर्नु पर्नेछ ।'

राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले सम्झौता जसरी पनि खारेज हुनुपर्ने माग गर्दै आन्दोलन निरन्तर जाने बताउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य भेषराज भुसालले विकास परियोजनाको रूपमा नेपाल भित्रिरहेको एमसीसी परियोजना राष्ट्र र राष्ट्रियताको हिततमा नभई अमेरिकनहरूले बनाएको दीर्घकालीन सैन्य रणनीतिको अंग रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रम तौलिहवाको बुद्धचोक हुँदै जिल्ला प्रशासन कार्यालय कपिलवस्तु गेटमा गई कोणसभामा परिणत भएको थियो ।

विरोध प्रदर्शनमा राष्ट्रिय जनमोर्चाका नेता शिव पौडेल, मानव अधिकारकर्मी राम दयाल ठाकुर लगायतले सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको संचालन नेकपा कपिलवस्तु जिल्ला सेक्रेटरी कमल केसीले गर्नुभएको थियो ।

पश्चिम नवलपरासीमा पनि अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) बिरुद्ध पश्चिम नवलपरासीमा ६ कम्युनिष्ट पार्टी र दुई मोर्चा सम्मिलित संर्घष समितिले आन्दोलन उठाउदै आएको छ ।

केन्द्रीय कार्यक्रम अनुसार दिनहु जसो आन्दोलनका कार्यक्रमहरु जिल्लामा भइरहेका छन् । संयुक्त संर्घष समितिमा आबद्ध दल तथा मोर्चाले बिहीवार परासीमा नाराबाजी धर्ना तथा घेराउ कार्यक्रम गरेको हो ।

एमसीसी खारेजीको माग गर्दै मोर्चाका नेता कार्यकर्ताले जिल्ला प्रशासन कार्यालय घेराउ गरेका हुन । घेराउ पछिको कोणसभमा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी)का प्रदेश सदस्य क्षेत्र बहादुर थापा क्षेत्रीले एमसीसी खारेजीको बिकल्प नभएको बताउनुभयो ।

कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चाका नेता चुडामणी भण्डारी , राष्ट्रिय जनमोर्चाका रेम राना , नेकपा (मसाल)का जिल्ला प्रबक्ता धनपति सापकोटा विप्लव नेकपामा नेता रामप्रीत, माओवादी कम्युनिष्ट पार्टीका प्रेम ढकाललगायतले बोल्दैं एमसीसी हिन्द प्रशान्त सैन्य रणनीतिको अंग रहेकोले यसलाई खारेज गर्नुपर्ने बताउनुभयो । कार्यक्रम नेकपा नेतृ कृतिको संचालनमा भएको थियो ।

यता प्युठानको सदरमुकाम खलंगामा एमसीसी खारेजीको माग गर्दै बिशाल जनप्रदर्शन सहित सभा सम्पन्न भएको छ । जिल्ला सदरमुकाम खलंगामा हजारौंको उपस्थितिमा नाराजुलुस सहित बजार परिक्रमा गरि जिल्ला प्रशासन कार्यालय अगाडि बिरोध सभा गरिएको थियो । चार कम्युनिस्ट पार्टीले एमसीसी विरुद्धमा जनप्रदर्शन, सभा तथा प्रशासन कार्यालय घेराउ गरेका हुन् ।

नेकपा (क्रान्तिकारी माओवादी, नेकपा (मसाल), राष्ट्रिय जनमोर्चा, र नेपाल कम्युनिस्ट पार्टी मालेको संयुक्त आयोजनामा विरोध प्रदर्शन तथा प्रशासन कार्यालय घेराउ गरिएको थियो । कार्यक्रमलाई विरोध सभामा नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य टिकाराम पौडेल, राजमोका लुम्बिनी प्रदेशका अध्यक्ष बोम बहादुर खत्री, नेकपा (मसाल)का जिल्ला प्रवक्ता ज्ञामुराम न्यौपाने, नेकपा (माले)का जिल्ला सचिव तिल बिक्रम केसीले सम्बोधन गर्नुभएको थियो ।











# कस्तो हुन्छ फासीवादी चरित्र ? यस्ता छन् फासीवादका ३१ लक्षण

## फासीवादको तस्बिरलाई राम्ररी केलाउँदा के कस्ता लक्षणहरू होलान् ? यहाँ मैले ती फासीवादका ३१ वटा प्रमुख लक्षणहरू उल्लेख गर्दैछु

● पल स्ट्रीट ●

मैले चिनेका 'वामपन्थीहरू'का भूमिगत कार्यकर्ता र अन्य वामपन्थीहरूले ट्रम्प र उनका पिछलग्गुलाई फोहोरी शब्दहरू र फासीवादी भन्दै वर्णन गर्छन् । के ट्रम्पहरू फासीवादी हुन्? यदि हामीले युक्तिसंगत परिभाषा दिने हो भने यसो भन्न सकिन्छ । फासीवाद एकल, सजिलै पहिचान हुने सिद्धान्त होइन, यसलाई (मनोविज्ञानमा झैं) विभिन्न लक्षणहरूबाट अभिव्यक्त राजनीतिक कारण र असरका रूपमा बुझ्नु पर्छ ।

नेवर्ट भन्छन्- 'लक्षणहरूलाई एक-एक गरी हेरिएमा ती मध्ये धेरैजसो लक्षणहरू अति नै साधारण लाग्छन् । तिनीहरू मध्ये केही ' राजनीतिक क्षेत्रमा जहिले पनि देखिरहिएका हुन्छन् । यदि सबै लक्षणहरूलाई एकै स्थानमा राखेर हेर्ने हो भने एउटा सफा तस्बिर देखिने छ । त्यो तस्बिर नै फासीवाद हो ।' यो परिभाषा डेभिड नेवर्टको हो । जुन उनको २००९ मा प्रकाशित 'सहांरवादीहरुः घृणायुक्त बोलीचालीले कसरी अमेरिकी दक्षिणपन्थीलाई कट्टरपन्थी बनायो' नामक एक गहन पुस्तकभित्र छ । त्यसमा उनले फासीवादको प्रष्ट तस्बिर उतारेका छन् ।

अब हामीलाई लाग्न सक्छ- फासीवादको तस्बिरलाई राम्ररी केलाउँदा के कस्ता लक्षणहरू होलान् ? यहाँ मैले ती फासीवादका ३१ वटा प्रमुख लक्षणहरू उल्लेख गर्दैछु । तथापि यी लक्षणहरूसम्बन्धी अवधारणा र भनाइमा मबाट उपज भएको मेरो दाबी छैन ।

१. उदारवादका लम्पट विरोधीहरूको समाजवाद /साम्यवादका लम्पट विरोधी र पुरातनवाद विरोधीहरूसँगको गठबन्धन बनेको हुनु । यस्तो गठबन्धन फासीवादीहरु अन्य क्षेत्रहरूसँग, विशेषगरि पुरातनवादी पक्षसँग मिलेर अनुक्रिया गर्न इच्छुक हुन्छन् भन्ने बुझाई अनुसार बन्ने गर्दछ ।

२. गम्भीर राष्ट्रिय र सामाजिक संकटहरु छन् जसको उदारवादी र पुरातनवादीका परम्परावादी उपायबाट प्रभावकारी सामना गर्न सकिँदैन भन्ने धारणा हुनु ।

३. गौरवशाली राष्ट्रिय विगतलाई दुष्ट उदारवादी र कम्युनिष्ट सम्भ्रान्तहरूले धोका दिए- 'पिठ्युँमा छुरा घोपे' भन्ने मिथक कथ्नु र बदलापूर्ण भावना लिनु । राष्ट्रिय र/वा एक समयको प्रभुत्वशाली जातीय वा धार्मिक समूहको शक्तिमाथि उदारवादी र कम्युनिष्ट सम्भ्रान्तका कारणले भएका वर्गसंघर्ष, आमूल परिवर्तनकारी, उदार व्यक्तिवाद, बहु-संस्कृतिवाद र बाह्य/विदेशी प्रभावका ध्वंसात्मक असर परेको विश्वास हुनु ।

४. 'राष्ट्रको पुनर्जन्ममा विश्वास गर्ने उग्रराष्ट्रवाद'का आधारमा राष्ट्रिय पुनर्जन्म हुने विश्वास गर्नु । यसलाई इतिहासकार रजर ग्रिफिनले 'राष्ट्रिय अपनत्व वा राष्ट्रिय पहिचानको उच्च भावनामा आधारित भएर देशको सामाजिक, आर्थिक र सांस्कृतिक जीवनको पुनरुत्थान गर्ने' अभियान भनेका छन् ।

५. आफ्नो विगतको प्रभुत्वशाली राष्ट्रिय, जातीय वा धार्मिक समूहलाई अन्यायपूर्वक पीडित बनाइएको प्रगाढ विश्वास हुनु ।

६. आफ्नो राष्ट्रिय, जातीय वा धार्मिक समूहका विरुद्ध घरेलु वा बाह्य शत्रुहरूले खडा गरेका चुनौतीहरूलाई निर्मूल पार्न कानूनी वा नैतिक सीमा नाघेर जेसुकै कामकारबाही गरे हुन्छ भन्ने विश्वाससहित आफ्नो समूहको अन्धभक्त हुनु ।

७. 'हामी र तिनीहरू' भनी विभाजन गर्नमा अति नै पूर्वाग्रही हुनु । जसको कारण ठूलो हानि पुर्याएको दोषारोपण गर्दै दानविकृत गरिएका 'तिनीहरू'लाई बलिको बोको बनाउने निरन्तर प्रयास गर्नु ।

८. नश्लीय, जातीय, धार्मिक र सांस्कृतिक अन्यहरू (तिनीहरू) र राजनीतिक शत्रुहरूको अमानवीयकरण गर्नु । यो दानवीकरण गरिएका 'तिनीहरू' र शत्रुहरूले खडा गरेका चुनौतीहरू निर्मूल पार्न विगतका कानूनी र नैतिक मान्यताहरू त्याग्न उद्धत रहने तत्परतासँग घनिष्ठ सम्बन्ध राख्ने काम हो ।

९. असल र 'चुनिन्दा' ठानिने मानिसहरूले खराब भनिएका 'तिनीहरू'का मानिसहरूलाई दबाउने 'अधिकार' हुन्छ भन्ने मान्यता फैलाउनु । उक्त 'अधिकार' डार्बिनवादी र नैतिक श्रेष्ठता प्रदत्त अधिकार हो भन्ने ठान्नु ।

१०. समाजवाद र वामपन्थको उग्र र उत्ताउलो विरोध गर्नु । जुन समाजवादी, कम्युनिष्ट र/वा वामपन्थी अराजकतावादी क्रान्तिको वास्तविक वा कथित त्रासको अविरल खेती हो ।

११. उदारवादीहरू र 'वामपन्थको' ठिमाहा विचारसहित उदारवादीहरूका काल्पनिक कमजोरीहरूको प्रलापपूर्ण प्रचार गर्नु र उग्र वामपन्थीहरूलाई 'देश कब्जा गर्नबाट रोक्न' उदारवादीहरू ज्यादै कमजोर छन् भन्ने निरन्तर आरोप लगाइरहनु ।

१२. विश्वस्तरीय महानगरहरूलाई दानवीकृत 'तिनीहरू'को दुर्गन्धित गर्भगृह ठान्दै तिनीहरू प्रति त्रसित हुनु, शंका गर्नु र घृणा गर्नुः 'तिनीहरू' भनेका नश्लीय र जातीय अल्पसंख्यक, प्राज्ञिक, उदारवादी, वामपन्थी, महिलावादी, श्रमिक सकृयकर्मीहरु, नागरिक र मानव अधिकार आन्दोलनहरू, 'यौन अल्पसंख्यकहरु' र जातीय समिश्रणकर्ताहरु हुन् ।

१३. देशी विदेशी गोप्यरुपमा मुलुक र घटनाहरूलाई नियन्त्रण गर्छन् भन्ने जस्ता सनकी, आक्रामक र खतरनाक षड्यन्त्रका सिद्धान्तहरू चौतर्फी फैलाउनु ।


१४. प्राज्ञिकहरू, विज्ञहरू र तार्किक सार्वजनिक छलफलहरू माथि निरन्तर आक्रमण गर्नु ।

१५. सत्य विरुद्ध निरन्तररुपमा सांस्कृतिक र भ्रामक प्रचार युद्ध छेड्नुः जनताको वास्तविकता बुझ्ने क्षमता माथि निरन्तर प्रहार गरिराख्नु ।

१६. पहिले सामान्य मानिएको बुर्जुवा स्वतन्त्र सञ्चार (प्रेस) लाई (उच्च नश्लका) जनताको शत्रु करार गर्दै दानवीकरण र अपमानित गर्नु । र सूचनालाई 'उदारवादी' र 'परिवर्तनकारी वामपन्थी'को टाढा र पहुँच बाहिर पुर्याउन फासीवादीहरुको आधारसम्म सजिलै पुग्ने प्रोपागान्डा र सत्य विरोधी समाचार र उद्घोषण गर्ने छुट्टै सञ्चार-अखाडा बनाउनु ।

१७. क्रान्तिकारी र रूपान्तरणकारीको कलेवरमा परम्परागत सामाजिक र राजनीतिक पदको खुड्किला बनाउनु र महिमा गान गाउनु ।

१८. 'परम्परागत' दमनकारी लैंगिक भूमिका, महिलामाथिको हेपाई र महिला अधिकार माथि आक्रमण गर्नका लागि उग्र-पुरुषवादी पुरुष प्रधानतालाई बढवा दिनु ।



१९. कानूनी राजमाथि अविश्रान्त आक्रमण साथै कानून र व्यवस्था कायम गर्ने नाममा प्रहरी र सैनिक राज्य कायम गर्नुः कानून र व्यवस्थाको नाममा कानूनको उपहास गर्नु ।

२०. संवैधानिक र संसदीय नियन्त्रण तथा सन्तुलन अस्वीकार गर्नु र एक दलीय शासन व्यवस्था कायम गर्ने चाहना राख्नु ।

२१. विजय कि हार, वृद्धि कि असफलता, सामर्थ्य कि दुर्बलता र 'महानता' कि लघुताभास जस्ता सवालमा चित या पोट जस्तै एक पक्षमा सामेल हुनै पर्ने सामाजिक डार्विनवादीको जस्तो अडान लिनु ।

२२. अश्वेतहरू सहित वृद्ध, अपांग र दुर्वलहरुलाई खिज्याउनु र 'तिनीहरू'लाई 'कमजोर' र चाँडो मृत्यु स्वाभाविक ठान्नु ।

२३. धोका दिइएको र पीडित राष्ट्र/ चुनिएका जनताको महानता पुनर्स्थापना गर्न सक्ने जन्मजात, सदा पुरुष नेता हुनुपर्ने मान्यतालाई सम्झँदै महामानवका रूपमा कसैलाई चित्रित गर्नु ।

२४. तर्क र बौद्धिक छलफल भन्दा अन्तःप्रेरणा र इच्छाशक्ति श्रेष्ठ हुनेमा विश्वास गर्नु र अरूको सहज ज्ञान र अमूर्त तर्कको तुलनामा नेताको सहज ज्ञान र इच्छाशक्ति उत्तम हुन्छ भन्ने विश्वास गर्नु ।

२५. आपत्तियोग्य निरङ्कुशता, जातिवाद, सैनिकवाद, साम्प्रदायिक, यौनभेदवादी लक्ष्यहरूलाई पर्दाले ढाक्न लोकतन्त्र (जन चाहना) र सामाजिक सद्भाव जस्ता बहुसंख्यकले स्वीकारेका आदर्शहरूको निरन्तर रट लगाइरहनु ।

२६. सेना, अति सैनिकिकरणको जयजयकार गर्नु र हिंसालाई प्रश्रय दिनु ।

२७. राजनीतिक प्रतिद्वन्द्वीहरू र आलोचकहरू विरुद्ध हिंस्रक हुनु ।

२८. अभियानात्मक तामझाम, नाटकीय भेला, बारम्बार भइरहने रिस उठ्दा घृणा जुलुसहरू आयोजना गर्नु । यसैगरी राष्ट्र र/वा आफ्ना भाटहरू र पीडित मानिएका नश्लीय, जातीय, राष्ट्रिय र/वा धार्मिक समूहहरूप्रति महानताको भाव प्रदर्शन गर्न विशाल तामझामहरू गर्न लालायित हुनु ।

२९. मन परेका/ चुनिएका राष्ट्र/ समूहहरूको प्रतिरक्षामा र दानवीकरण गरिएका 'तिनीहरू' र 'जनताका शत्रुहरू'को भर्त्सना गर्न भावनात्मक रूपले (सदा सर्वश्रेष्ठ, सर्वथा खराब, गजब डरलाग्दो , घिनलाग्दो, यस्तै यस्तै भाषामा) अतिरञ्जित र उग्र वक्तव्य वाजी गर्नु ।

३०. महान नेता र उनको पार्टी प्रति इमान्दार नरहेका ठानिकाहरुको बारम्बार पजनी गर्नु ।


३१. झुटो पपुलिष्ट आवरणमा गुप्तरुपमा पुँजीवादी सम्भ्रान्तहरू र पुँजीवादको सेवा गर्नु र उनीहरूसँग साँठगाँठ गर्नु । कमरेडहरू, यिनै हुन् फासीवादीका ३१ लक्षणहरू ।

अन्तमा तपाईंहरुसँग मेरो अनुरोध छ- सामाजिक न्याय, लोकतन्त्र, र पर्यावरणीय दिगोपनाको लागि गरिने आफ्ना आन्दोलनहरू र फासीवादी राष्ट्रवादबीचको भिन्नता छुट्याउन सिक्नुहोस् । यसो गर्न मेरो सूची उपयोगी हुनसक्छ हरदमसँगै राख्नुहोस् । यी ३१ वटा लक्षणहरू सबैलाई पहिचान गर्न र त्याग्न हरदम तयार हुनुहोस्, तर ग्रहण कहिल्यै नगर्नु होस् ।

# देशभक्त क्रान्तिकारीहरुमाथि देउवा सरकारको फासिवादी दमन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)सहित ६ कम्युनिस्ट पार्टी र २ मोर्चाको विरोध प्रदर्शनसहितको संसद भवन घेराउ कार्यक्रममाथि देउवा सरकारले व्यापक रुपमा फासिवादी दमन गरेको छ । राष्ट्रघाती एमसीसी सम्झौताका खारेजीको माग गर्दै भएको विरोध प्रदर्शनमा देउवा सरकारको प्रहरी प्रशासनले लाठी, पानीका फोहरा, टियर ग्याँस र रबरको गोली प्रहार गर्दै फासिवादी दमनमा उत्रिएको हो ।

राष्ट्रघाती एमसीसी सम्झौता आजै राती १२ बजेसम्म संसदको बैठक चलाएर भएपनि सत्ता गठबन्धनले पास गर्ने तयारी गरेपछि नयाँ बानेश्वर क्षेत्रमा



प्रहरी दमनको कडा प्रतिरोध गर्दै देशभक्त क्रान्तिकारीहरुले विरोध प्रदर्शन जारी राखेका छन् । विरोध प्रदर्शनलाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य रामसिंह श्रीस, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका युवा नेता जागृत रायमाझी र नेकपाका युवा नेता कृष्णहरि भट्टले सम्बोधन गर्दै राष्ट्रघाती एमसीसी खारेज नभएसम्म देशभक्त क्रान्तिकारीहरुले प्रतिरोध संघर्ष जारी राख्ने चेतावनी दिएका छन् । शान्तिपूर्ण रुपमा जारी विरोध प्रदर्शनमाथि २ बजेपछिको प्रहरी फासिवादी दमनमा उत्रिएको थियो ।

एमसीसीको विरोधमा रहेका माओवादी केन्द्र, एसामाजवादी लगायत सत्तारुढ दलहरु समेत व्याख्यात्मक टिप्पणीसहित एमसीसी पास गर्न तयार भएपछि देशभक्त क्रान्तिकारीहरु थप आक्रोशित बनेका छन् ।

# एमसिसीमा व्याख्यात्मक टिप्पणीबाट सच्चिने भन्ने कुरा जनतालाई ठग्ने काम मात्रै हो– *भीम रावल*



काठमाडौं । नेकपा एमालेका नेता भीम रावलले अमेरिकी सहयोग परियोजना एमसिसीमा व्याख्यात्मक टिप्पणीबाट सच्चिने भन्ने कुरा जनतालाई ठग्ने काम मात्रै भएको बताएका छन् । माओवादी केन्द्रले व्याख्यात्मक टिप्पणीसहित एमसिसी अनुमोदन गर्ने निर्णय गरेपछि उनले त्यसको विरोध जनाएका हुन् ।

नेता रावलले लेखेका छन्, 'एमसिसी सम्झौताका राष्ट्रघाती प्रावधान सरकारको एकपक्षीय संकल्प प्रस्ताव वा व्याख्यात्मक टिप्पणीबाट सच्चिने कुरा गर्नु जनतालाई ठग्नु हो । यो महाकाली सन्धिको संकल्प प्रस्ताव जस्तै निहित सत्ता स्वार्थका लागि विदेशीको भक्ति गरी मातृभूमिमाथि लात्ती बजार्नु जस्तै हो । देशघाती चरित्र ।' महाकाली सन्धिको संकल्प प्रस्ताव जस्तै निहित सत्ता स्वार्थका लागि विदेशीको भक्ति गरी मातृभूमिमाथि लात्ती बजार्नु जस्तै भएको उनको भनाइ छ ।

# नेकपा(क्रान्तिकारी माओवादी) लगायत अन्य पार्टीहरूको संयुक्त संघर्ष समितिको आयोजनामा जिप्रका सिन्धुलीमा धर्ना र कोणसभा सम्पन्न

सिन्धुली । फागुन १५गते नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला समिति ,नेकपा (विप्लव) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको जिल्ला समितिको संयुक्त संघर्ष समितिको आयोजनार्मा राष्ट्रघाती एमसीसीको बिरोधमा जिल्ला प्रशासन कार्यालय सिन्धुलीमा धर्ना र कोणसभा संपन्न भएको छ ।

कोणसभामा पार्टी केन्द्रीय समितिको सदस्य एबम् जिल्ला ईन्चार्ज जिवनले राष्ट्रघाती राष्ट्रघाती एमसीसीको बिरोधमा यसका राष्ट्रघाती बुदाहरुको ब्याख्या गर्दै संपूर्ण देशभक्त नेपाली एक भै अमेरिकी दलालहरुले सदनबाट पास गरे पनि नेपालमा त्यसका कायान्वयन नगराउन र फेल गराउन जनदवाव



सिर्जना गर्ने भिषण संघर्ष अगि बढाउन आह्वान गर्नुको साथै संपूर्ण देशभक्त सांसदहरूलाई राष्ट्रघातीको बिपक्षमा आफ्नो बहुमुल्य मत थिई फेल गराउन सहयोग पुर्याउन अनुरोध गर्दछौं भन्नुभयो ।

उक्त कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी विप्लव जिल्ला समिति सेक्रेटरी गोपाल ब्लोन र बिसेष कमिटीका सदस्य शशिले संबोधन गर्नुभएको थियो । कार्यक्रमको उद्घोषण देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका जिल्ला समिति सेक्रेटरी बालकृष्ण थापाले गर्नु भएको थियो ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# पर्दाबाहिरै लुकेका दृश्य



● सरला रेग्मी ●

*आजोनलाई त्यही छोडेर म त्यसपछि जाजरकोटतिर लागे । केही दिनमै म जाजरकोटको ढिमेमा पुगे । जहाँ मेरो फर्मेसन थियो । त्यो फोर्स छिट्टै प्रशिक्षणका लागि बारेकोटको रामिडाँडा जाँदै थियो । म फर्मेशनसँगै रामिडाँडा पुगे । त्यहाँ बृहत प्रशिक्षण चल्यो । त्यसपछि हामी त्यहाँबाट कर्णालीको अञ्चल सदरमुकाम जुम्ला जिल्लालाई कब्जा गर्नका लागि अगाडि बढ्यौं । हामीले जुम्लाको जिम्मेवारी पूरा गरेर फर्कियौं । मसँग अब सेक्सन कमान्डर बहिनी प्रतिज्ञा पनि थपिनुभएको थियो । केही पछि कमरेड बिन्दु पनि आउनुभयो । त्यसबेला हामीहरूले बिशिष्ट अबस्थामा जो सहिद हुन्छ, त्यसको संस्मरण बाँच्नेहरूले लेख्ने प्रतिवद्धता गर्‍यौं*

२०५९ सालको कुरा हो। मौसम परिवर्तन हुँदै थियो। मौसममा विदाई र स्वागतका पल्लवहरू बदलिदै थिए। विचारको पश्चगमनमा रमाउनेहरू र तप्कनीमा सुकेकाहरूको बाँकी रगत र पसिना खान पल्केकाहरू त्यो नियती रोक्न मानिरहेका थिएनन् । उनीहरू बदलिदा पालुवाहरूलाई जवरजस्ती सुकाउन प्रपन्च बुनिरहेका थिए। जनयुद्धले जनताको जीवनमा नयाँ पालुवा भर्न थालिरहेको थियो । तर, केही जङ्गली विषालु गोमनहरूले त्यसका विरुद्ध नयाँ नयाँ षड्यन्त्रहरू बुनिरहेका थिए । अध्यारा प्वाँलहरूमा बुनिएका त्यसखालका षड्यन्त्रका विरुद्ध उत्पीडित जनता स्वतन्त्रता, मुक्ति र अधिकारको लागि जनयुद्धको खुल्ला र मुक्त आकाशमा रमाइरहेका थिए । जति जति वर्गदुश्मनहरू षड्यन्त्र बुन्दै थिए, त्यति नै जनता प्रतिरोधका लागि तत्पर हुँदै थिए ।

हामी जाजरकोटको बलिदानको धरोहर वस्ती, जसलाई पछि जुनि कम्युनमा रूपान्तरण गरियो, मा थियौं । जनमुक्ति सेनाको एउटा टोली त्यहाँ आइपुगेको थियो। जुनिबाट जनसेनाको त्यो फर्मेसनलाई सुर्खेत पुऱ्याउने जिम्मा मेरो थियो । सुर्खेतका केही ठाउँमा जनसभाको आयोजना गरिएको थियो। जनसभामार्फत हामी जनसमुदायलाई प्रतिक्रियावादी सरकारसँग हुने वार्ताको औचित्यमाथि प्रष्ट पार्नु थियो । शान्ति वार्ताको यस अभियानमा जनता कार्यकर्तालाई सशक्त रूपमा प्रस्तुत गराउनु थियो । त्यसका लागि केही बैठकहरू, अन्तक्रियाहरू, समीक्षाहरू पनि गर्नु थियो। हामी केहीदिनदेखि यस्तै कार्यक्रममा व्यस्त थियौं । छलफलद्वारा फर्मेसनलाई एकढिक्का नबनाईकन यो काम सम्भब थिएन । यो त हाम्रो नियमित दिनचर्या नै थियो। तर, जनताले भाषणबाट, सिद्धान्तबाट, विचारबाट भन्दा बढी व्यवहारबाट बुझ्न सक्थे। त्यसैले हामीले केही जनतासँग एकाकार भएर केही विकासमूलक कार्यक्रमहरू पनि बनाएका थियौं । हाम्रो फर्मेसनले नहर निर्माण, सडक खन्ने, कुवा धारा बनाउने, सफा सुग्धरका काम गर्ने, जनताका घर गोठ बनाउने, ईट्टा टायल बनाउने काम गरिरहेको थियो। यो जनवादी अभ्यासको प्रयोग नै थियो । जुम्लाको सदरमुकाममा भएको फौजी हमलापछि सरकारसँग दोस्रो चरणको वार्ता सुरु भयो । हामीले शान्ति वार्ता र त्यसले निम्ताएको परिस्थितिलाई प्रष्ट पार्न जनतामा यस्ता केही कार्यक्रमहरू लगेका थियौं ।

यी सबै काम सकेर मलाई मेरो तीन वर्षे छोरालाई स्वास्थ्य विभागमा पुऱ्याउनु थियो । मैले उसलाई एउटा सेल्टरमा छोडेर आएको थिए । ऊ केही दिनदेखि बिरामी थियो । समय जति जति बित्दै जान्थ्यो, आमाको मन न हो, त्यति त्यति गाह्रो लाग्दै गएको थियो । मैले त अझ बाबाको भूमिका पनि पूरा गर्नु पर्ने थियो । उसको बाबा सहिद भएपछि मलाई ऊप्रति झन माया जागेर आउथ्यो । मेरो खुसी र हाँसो तिनै गोमन सर्पहरूले लुटेर लगेका थिए । चारैतिर यसरी नै जनताको खुसी र उत्साह गोमनहरूले लुटिरहेका थिए। यो क्रम तीब्र थियो। आम जनतामा दिनप्रतिदिन यस्ता पीडाहरू थपिदै थिए। एउटा राजनीतिक कार्यकर्ता हुनुको नाताले मैले मेरो पीडालाई सहेको थिए । म त जनतालाई बुझाउने प्रयासमा पो थिए ।

म छिटोभन्दा छिटो छोरोलाई भेटेर उसको उपचार गर्न चाहन्थे । उसलाई मैले आमाकोमा राखेको थिए। संकटकालको बेला शाही सेनाले आमाकोमा दिनदिनै जाने, छापा मार्ने गरिरहेको थियो । एकदिन मेरो बुबालाई ढाडमा ँतेरी छोरी खै, बोलाएर हामीलाई दे । हैन भने तलाई पनि बाँकी राख्दैनौ भन्दै बर्बरतापूर्वक यातना दिएको थियो । दुश्मनले मेरो छोरो ओजोनलाई मारिदिने धम्की पनि बेला बेलामा दिएको थियो ।

घरमा आएर 'यो माओवादी, आतंककारीको साखा सन्तान कुनै पनि राख्नु हुँदैन भन्दै छोरा ओजोनलाई बाहिर लगेको थियो । तर, एकछिनपछि फेरि ल्याएर घरमै फालिदिएको थियो। बुवा आमाबाट मैले त्यो कुरा थाहा पाएकी थिए । मलाई अब त साँच्चै मार्छन कि भन्ने पनि लागेको थियो । केहीदिन अगाडि मात्र बिष्णु पोखेल, धनिराम चौधरी अनि ओजोनको बाबा ज्ञामप्रसाद चालिसेलाई त्यसैगरी शाही जल्लादहरूले लिएर गएका थिए। अनि उनीहरूले कहिल्यै नफर्कने गरी हामीबाट छिने । त्यो आलो घाउले गर्दा त्यसरी सोच्न बाध्य पारिरहेको थियो । कालिकोटमा कमरेड ज्वालाको ६ महिनाको काखे छोरालाई आमाको काखबाट खोसेर हत्या गरेको र गोरखामा त्यस्तै बच्चालाई हत्या गरेको खबर हामी सबैलाई बच्चा पनि नराख्ने जल्लादहरू देखि एकखालको त्रास ल्याईदिएको थियो। साना साना बच्चाहरूको सुरक्षाको बारेमा सोच्न हामीलाई बाध्य बनाएको थियो। साईत दुश्मनले हामीलाई थकाउने, गलाउने, हराउने यहि तरीकाको बाटो अप्नाएको थियो। हामी त्यसका बिरूद्ध निर्मम बनेर जनयुद्धमा अगाडी बढिरहेका थियौ। यस्तो लाग्यो, दुश्मनका अगाडी कुनै हिसाबले पनि झुक्नुहुदैन । यो हाम्रो प्रतिबद्धता थियो। हाम्रो महा अभियान थियो। त्यसैले हामी नया नया बिकल्प, नया नया सिर्जनाहरूको खोजी बिकास गर्न तल्लिन थियौ। त्यसैमा हाम्रो जिबन थियो अनि खुसी, उत्साह, उमङ्ग थियो।

दिनदिनैजसो सरकारी रेडियोले मान्छे मारेको खबर निर्धक्कसाथ भनिरहेको थियो। गाउघर पनि त्यस्तै घटनाले लछप्पै भिजेका थिए। भन्नु नभन्नु र गर्नु नगर्नु गरिरहन्थ्ये । त्यसको ब्याख्याको कुनै सीमा नै थिएन। त्यसले आमाले ओजोनलाई यहाँ नराख्न भन्नुभयो । फेरि आमालाई पनि बिर्सेला भन्ने डर लागिरहेको थियो। मेरो छोरा ओजोनेले मेरी आमाकै दुध खान्थ्यो । अनि उहाँलाई नै आमा भन्थ्यो । त्यसैले उसले मलाई बिर्सेला भन्ने डर मेरो आमालाई थियो । त्यसैले बेला बेलामा भेट्न भन्नुहुन्थ्यो मलाई । पूरै बिर्सेर अर्को संसारको निर्माण गर्नुहूदैन भनेर खबर पठाउनु भयो । मलाई पनि ठिक लाग्यो उहाँको कुरा । बास्तबमा ओजोनलाई भेट्न म निक्कै आतुर थिए । आयामजीको सहादत पछि मैले भेटन जाने पटक पटक कुरा राखे पनि त्यो समय पाएकी थिइन । त्यतिबेला म सुर्खेत जिल्लाबाट सरुवा भएर बिशेष जिल्ला (सल्यान, दाङ, बाँके र बर्दियाका केही गाविसहरू सहितको) मा आउने संयोग परेको थियो। यस जिल्लामा भेरी कर्णालीमा तल माथी गर्ने नेता, जनसेना र कार्यकर्त्ता सबै हिड्ने गर्दथे । यो एउटा रुट नै थियो । मलाई पनि छोरोलाई भेटनका लागि आमा बुवालाई बोलाउन सजिलो भयो। त्यही मौका छोपेर मैलै ओजोनलाई बोलाए। उसलाई मैले सँगै उकाली, ओराली र घुम्ती मोडहरूमा जीवनको सङ्घर्षशील अभियानमा साथी बनाउने सोचे। तर, उसलाई बोलाएको तीन महिनामै मेरो जिम्मेवारी कम्पनीबाट बटालियन कमिसारमा सरुवा भयो। मेरा अगाडि ठुलो चुनैति आयो। यो परीक्षामा पास हुने कि नहुने ? भन्ने प्रश्न तेर्सियो मेरा अगाडि । यस्ता मोडहरू बिशेष समयमा मात्र आउँछन् । सधैभरी नआउने रहेछन । मेरो अढाई वर्षको बच्चो माथी र मेरो बात्सल्य माथि फेरि ठूलो परीक्षाको घन आएर बसिदियो । यो परीक्षाले मेरो अप्ठेरोलाई पर्खेर बसेन । सिङ्गो जनयुद्धले बात्सल्य र बच्चालाई ब्यक्तिगत भन्दा धेरै माथी उठाउन सकेन । छिप छिपे मै रणभुल्ल पर्दै दम्भि र धमण्डि बनेर आईरह्यो । कम्युनिस्टको कम्युन भित्र त्यो यतिबेला परेन । बरू एउटी आमा अनि बात्सल्य र बच्चा माथि परीक्षा पटक पटक लियो । यस मामलामा दुबै सत्ताहरू नजिक नजिक भए जस्तै ओजोनको गम्भीर अनुहारले भनेजस्तै लाग्यो । मैले टाउको ठाडो पार्न सकिन । पटक पटक ओजोनले मेरो बाटो, मेरो अभियान, मेरो विचार, मेरो कार्यदिशा माथी औलो ठडाएको जस्तो लागिरह्यो ।

मनभित्र जागेका सबै कुराहरूसँग लड्दै म तत्काल पार्टीको जिम्मेवारी सम्हाल्ने निष्कर्षमा पुगे । म तुरुन्त जुम्ला जानुपर्ने र फर्मेसन चलाउनु पर्ने थियो । त्यसैले मैले ओजोनलाई जनताकोमा घरमा कतै राख्ने निर्णय गरे । तर, भनेजस्तो कहाँ हुन्थ्यो र । यो स्थितिमा मलाई निक्कै अप्ठेरो पऱ्यो । यो मेरा निम्ति अर्को परीक्षा थियो । मैले भाइ अर्जुनसँग मैले मेरो परीक्षाको प्रश्न राखे। १४ बर्षीय भाइ अर्जुनले आफुले ओजोनलाई हेर्ने र अनि आफ्नै घर धारापानी गाबिसको टिमुरेमा राख्न ठिक हुने बताउनु भयो। आफु भन्दा पछाडि हिडेकाहरूको कमान्डमा पनि नबस्ने र दिदीको कमान्डमा बस्छु भनेर पनि राख्नुभयो । मलाई ढुंगा खोज्दा देउता मिलेजस्तै भयो। किनभने अर्जुनको घरमा सबै व्यवस्था थियो । हाम्रो पार्टी क्रान्तिप्रति प्रतिबद्ध यो परीवारलाई गएर मैले मेरो कुरा राखे भने फरकै पर्दैनथ्यो। चुरे पहाड र महाभारतको बीचमा रहेको पहाडी भूगोलमा रहेको उनको घरमा निकै सजिलो हुन्थ्यो। सिस्ने हिमालको काखमा थपक्क बसेर डोल्पा, मुगु, हुम्ला, अछामसँगसँगै लाम लागेर सुर्खेत, दैलेख र जाजरकोटलाई हेरो जस्तो लाग्ने ठाउँ थियो त्यो । चिसो हावापानी, उत्पादन स्याउदेखि टिमुर अन्नहरूको भन्डार, भेरी कर्णालीको हाम्रो निकास र अनि दुश्मन छिर्नै नसक्ने अदम्य किल्ला बनेर उभिएको यो ठाउमा राख्न उपयुक्त लाग्यो र मैले त्यसै गरे ।

आजोनलाई त्यही छोडेर म त्यसपछि जाजरकोटतिर लागे । केही दिनमै म जाजरकोटको ढिमेमा पुगे । जहाँ मेरो फर्मेसन थियो । त्यो फोर्स छिट्टै प्रशिक्षणका लागि बारेकोटको रामिडाँडा जाँदै थियो । म फर्मेशनसँगै रामिडाँडा पुगे । त्यहाँ बृहत प्रशिक्षण चल्यो । त्यसपछि हामी त्यहाँबाट कर्णालीको अञ्चल सदरमुकाम जुम्ला जिल्लालाई कब्जा गर्नका लागि अगाडि बढ्यौ । हामीले जुम्लाको जिम्मेवारी पूरा गरेर फर्कियौ । मसँग अब सेक्सन कमान्डर बहिनी प्रतिज्ञा पनि थपिनुभएको थियो। केही पछि कमरेड बिन्दु पनि आउनुभयो। त्यसबेला हामीहरूले बिशिष्ट अबस्थामा जो सहिद हुन्छ, त्यसको संस्मरण बाँच्नेहरूले लेख्ने प्रतिवद्धता गऱ्यौ ।

जुम्लाबाट फर्केपछि हामी जुनि कम्युन आसपास बस्नुपर्ने भयो। माथिल्लो निकायको निर्देशन वमोजिम जुनिमा बस्यौं । त्यही मौकामा म पुनः छोरालाई भेट्न गए। छोरो रहेको टिमुरे गाउँमा पुगे। उसलाई देखेपछि मेरो मन निकै भावुक भयो । उसका शरिरमा घाउ नै घाउ थिए। चिन्नै नसकिने गरी अर्जुन र दिदीले घाउमा खोटो लगाइदिएका रहेछन् । मैले कपास, ब्यान्डेजको कपडा र फर्मेसनको स्वास्थ्य बिभागबाट सामान्य चोट लागेकोमा लगाउने मलम ल्याएकी थिए। केही समय पहिले मेरो खुट्टा काटिएकाले त्यसको जोहो थियो मसँग। त्यो नपुगेपछि कमरेड प्रतिज्ञा थप मल्हम र ब्यान्डेज लिन जानुभयो। मैले तातो पानीले भिजाउँदै ओजोनका घाउका खोटो पूरै फाले । घाउलाई सुख्खा हुने गरी कपडाले सेके अनि मल्हम लगाएर माथिबाट कपास र अनि ब्यान्डेज गरेर सफा गरे । दिदीले भन्दै हुनुहुन्थ्यो । खोटोले निको भइसकेको छ। तर पानीले भिजाएर खोटो निकाल्दा पिप भललल आयो। टन्किरहेको पिप बाहिर आउँदा उसलाई हल्का भैरहेको थियो। यो देखेर मैले छोरोलाई काखमा राखेर आसु पिए । अझ प्रतिज्ञाले दिदि ओजोन मलाई दिनोस । तपाई कमिसार, म त एउटा सिपाही न हो। मैले यो बाबुलाई छोरो बनाएर बस्छु भनिन् । यसो भनिरहँदा मेरो मुटु कति छियाछिया भयो। त्यसको अनुभूति मैले मात्र गरे । एक हप्तापछि ओजोनका घाउहरू पूरै सन्चो भए ।

# अखिल नेपाल लेखक संघको प्रदेश नं. ४ को प्रदेश स्तरिय भेला सम्पन्न

## परशुराम कोइरला अध्यक्ष र सचिवमा काजी श्रेष्ठ गाउँले

पोखरा। अखिल नेपाल जन साँस्कृतिक महासंघको आंगिक संगठन अर्न्तगत रहेको अखिल नेपाल लेखक संघको प्रदेश नं. ४को अखिल नेपाल लेखक संघको प्रदेश स्तरिय भेला संगठनका केन्द्रीय अध्यक्ष श्री मित्रलाल पंगेनीको अध्यक्षतामा सम्पन्न गरियो ।

ने.क.पा (क्रान्तिकारी माओवादी, प्रदेश नं. ४का पिबिएम एवं प्रदेश सेक्रेटरी किशोर, अखिल नेपाल जन साँस्कृतिक महासंघ अध्यक्ष प्रा.डा. जगदिशचन्द्र भण्डारी, ने.क.पा.(क्रान्तिकारी) माओवादी केन्द्रीय सदस्य निश्चल, अखिल नेपाल जन साँस्कृतिक महासंघ केन्द्रीय सचिव मोदनाथ मरहठ्ठा, अखिल नेपाल जन साँस्कृतिक महासंघ केन्द्रीय उपाध्यक्ष छायाँदत्त न्यौपाने, अखिल नेपाल लेखक संघ अनिलश्रेष्ठको विशेष उपस्थितिमा भेला सम्पन्न गरिउको थियो ।



भेलाले अखिल नेपाल लेखक संघका केन्द्रीय उपाध्यक्ष श्री परशुराम कोईरालाको अध्यक्षतामा ४ नं.प्रदेश स्तरीय अखिल नेपाल लेखक संघको गठन गरेको छ। जसमा पदाधिकारी र तपसिलका निम्न सदस्यहरु सहीत १७ सदस्यीय कार्य समिति गठन गरेको छ। ३ सदस्य पछि थपिने गरी हाल निम्नअनुसार १४ जनाको समिति गठन गरिएको छ ः

अध्यक्षमा परशुराम कोइरला, उपाध्यक्षमा डा. सुर्य भट्टराई, सचिवमा काजी श्रेष्ठ गाउँले र सदस्यहरुमा देवेन्द्र लम्साल, अर्जुन कुमार ढकाल, मिन प्रसाद मरहठ्ठा, खगेश्वर सापकोटा, होमनाथ पाठक, महादेव पोखरेल, निशाविरोधी, बम बहादुर छन्त्याल, यमबहादुर राना, सुशिला थापा र शुभ पाण्डे हुनुहुन्छ भने ३ सदस्य पछि थप गरिने छ ।

❑ यो साताको कविता

## नियती



❑ प्रेमराज पाण्डे ❑

*पैल्यै भन्दिनु पर्दथ्यो सहजमा सक्दैन मैले भनि*
*आसा नाहकमा दियौकिन तिमि बस्ति बसाल्छु भनि ।*
*भत्केको घरमा निरास जनता पर्खि रहेका हुनन्*
*जाडोले ठिहिऱ्याउँदा लुगलुगि काँपि रहेका हुनन् ।*

*दुःखिको दुःख नासने फगतका बाचा गरि हिँड्दछौ*
*गर्नुकेहि हुँदैन रैछ ढिङ्रो बेकारमा पिटदछौ ।*
*आफैबार लगाउँथे मिलिजुलि छाप्रो बनाइकन*
*बस्थे आपसमा चलाई गुजरा दुर्भाग्य ठानिकन ।*

*तिम्रो राज बचाउनै थपिरह्यौ मन्त्रिहरु दिन्दिन*
*आफ्नो चाह बचाउनै लडिरह्यौ नाका र साखातिर ।*
*फुस्सा बात नझार कर्म हिनहो तिम्रो गति देखियो*
*खै के हो बुझिसक्नु छैन नियति मास्तिस्कमै रोकियो ।*

## नेवाः...

कसेर लागेका छन् । एमसिसि सम्झौता यथास्थितिमा पारित गर्न सकिन्न र संशोधन गरेर मात्र सदनमा लानु पर्दछ भन्ने संसदवादी पार्टीहरु अन्ततः अमेरिकी दवाब र धम्कीसामु नतमस्तक भएर शेर ब देउपाकै योजना अनुसार एमसिसि सम्झौता टेबुलिङ्ग गर्न सहमत भए र टेबुलिङ्ग गरे । हाम्रो मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः अमेरिकी साम्राज्यवादको धम्की र नेकालगायत संसदीय दलहरुका नेतृत्वको यस राष्ट्र तथा जनघाती कदमको घोर भत्सर्ना गर्दछ ।

सन् २०१७ सेप्टेम्बरमा अमेरिकी निगम मिलिनियम च्यालेन्ज कर्पोरेशनसँग काँग्रेसका अर्थमन्त्रीले एमसिसि सम्झौता गरेका थिए, जस अन्तर्गत नेपालले पाँच वर्षमा विद्युत् प्रशारण लाइन विस्तार र सडकको स्तर उन्नतिका लागि ५० करोड डलर अनुदान पाउने र त्यस परियोजनामा नेपालले पनि १३ करोड डलर हाल्नु पर्ने भन्ने रहेको छ। सन् २०१९ सेप्टेम्बरमा ओली सरकारका अर्थमन्त्रीले एमसिसि सम्झौता कार्यान्वयनका लागि भनेर मिलिनियम च्यालेन्ज कर्पोरेशनसँग कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरे, जसमा सम्झौता लागु गर्न नेपालको संसदबाट उक्त सम्झौता अनुमोदन गर्नुपर्ने गरियो । अमेरिकाले एमसिसि सम्झौता हुँदै गर्दा नै संसदबाट अनुमोदन गराउने गरी प्रावधान राख्न चाहेको तर त्यसमा सफल नभएपछि कार्यान्वयन सम्झौतामा यसलाई छिराइएको छ ।

संसदबाट एमसिसि सम्झौता पारित भएपछि उक्त सम्झौतामा उल्लेखित विषयहरु ऐन सरह बन्ने छ र उक्त सम्झौतामा नेपालको ऐन कानूनसँग सम्झौताका बुँदा बाझिएमा एमसिसिका बुँदाहरु लागु हुने कुरा उल्लेख छ। यसले एमसिसिलाई नेपालको ऐनकानून र संविधान भन्दा माथि बनाउने छ। त्यसैले यो राष्ट्रघाती र जनघाती छ ।

अमेरिकी मन्त्रीहरु र अन्य अधिकारीहरुले पनि एमसिसि हिन्दप्रशान्त रणनीति मातहत रहेको कुरा पटक पटक उल्लेख गरेका छन् । तर अमेरिकी निगम एमसिसिले मात्र यो कुरा होइन भनेर पुग्दैन, अमेरिकी सरकारले आधिकारिक रुपमा भन्न सक्नु पर्दछ ।

एमसिसि सम्झौतामा यति धेरै राष्ट्रलाई घात गर्ने बुँदाहरु छन्, यो कार्यान्वयनमा जाने हो भने भोलि नेपाल अमेरिकी साम्राज्यवादका लागि युद्ध स्थलसम्म बन्न सक्ने संभावना रहेको छ। त्यसैले यो सम्झौतालाई संसदबाट अनुमोदन गर्नु भनेको अमेरिकी साम्राज्यवादलाई उसको स्वार्थ अनुसार नेपालमा जेजस्तो पनि गर्न छुट दिनु हुनेछ। अमेरिकी साम्राज्यवाद जुनजुन मुलुकमा पसेको छ, ती मुलुकहरुलाई तहसनहस पारेर मात्र फर्केको इतिहास छ। चीन हाम्रो छिमेकी देश भएको र चीन अमेरिकाको मुख्य प्रतिस्पर्धी तथा शत्रु भएकोले नेपालमा अमेरिकाको रणनैतिक स्वार्थ छ, नेपालमा जसरी पनि आउन चाहेको छ। यसका लागि यहाँका शासकहरुलाई ५० करोड डलरको हरियो घाँस देखाएर विकास र गरिबी उन्मुलनको नाममा नेपाल पस्दैछ ।

नेपाली जनता आज दलाल तथा नोकरशाही पुँजीवाद, सामन्तवाद र ब्रम्हाणवादबाट आन्तरिक रुपमा उत्पीडनमा पर्दै आएकोमा एमसिसि सम्झौता संसदबाट अनुमोदन भयो भने थप तथा मुख्य रुपमा अमेरिकी साम्राज्यवादको दमन र उत्पीडनमा देश र जनता पर्ने छन् । यसले नेवाःलगायतका आदिवासी जनजातिमाथि भइरहेको दमन र उत्पीडन झन् भयावह बन्नेछ । यसले राष्ट्रिय युद्ध अनिवार्य रुपमा निम्ताउने छ । त्यसैले देश यस्तो भयावह स्थितिमा पुग्न भन्दा अगावै र वेलामै सतर्क तथा सचेत भएर एमसिसि सम्झौता संसदबाट अनुमोदन हुन नदिन सडकबाट सशक्त जनदवाव सृष्टि गर्न अपरिहार्य भैसकेको छ। त्यसैले राष्ट्रिय स्वाधीनताको यो देशभक्तिपूर्ण संघर्षमा सहभागी हुन हाम्रो मोर्चा, नेवाः राष्ट्रिय मुक्ति मोर्चा, नेपाः नेवाः जनसमुदायलगायत आदिवासी जनजाति र सम्पूर्ण देशभक्त नेपाली जनसमुदायमा हार्दिक अनुरोध तथा अपील गर्दछ !

*पवनमान श्रेष्ठ*
*अध्यक्ष*

## टाढाको...

तिमीहरु सब नष्ट हुने भयौ भन्दै हमदर्दि देखाएर उनीहरुलाइ अर्को ठुलो तलाउमा सार्ने बहानामा एक एक माछा समाऊदै केही टाढा लगेर भोजन गर्थ्यो, त्यसरी नै नेपालका प्राकृतिक संपदा खनिज, जलसंपदामा वैदेशिक शक्तिहरुले आँखा लगाइ रहेका छन । यीनै प्राकृतिक संपदा हत्याउन अमेरिका लालच, धम्की दिदैछन ।

एमसीसी चीनको बिरुद्ध लक्षित त छँदैछ र कालान्तरमा भारतबिरुद्ध पनि उत्तिकै खतराजन्य छ । यस विषयमा भारतीय विद्वानहरुको मौनता अर्थपूर्ण छ । एमसीसी आईपीएसको अंग हो होइन ? भारत यसमा सहभागी भएपछि नेपालको सहभागी हुनु नहुनु ठूलो महत्व छैन र नेपाल आफै भारतले घेरेको सानो देश नभए पनि चाइना घेरिन्छ त्यसैले नेपालमा आउनु यहाँका खनिज र जलशक्तिमा कब्जा गर्नुनै हो र भारतलाई समेत यसले नकारात्मक असर पर्ने निश्चित छ । यसबारे भारतीय बिद्वानहरुको आँखा खुल्न जरुरी छ । जसरी युक्रेनि जनता र जेलेन्स्कीलाई अमेरिकीहरुले उस्काए, त्यसैगरी सोमसर्माले सपना देखेजस्तै नेपालका केही राजनीतिक नेता र तिनका अनुयायीहरु एमसीसीबारे जनतामा एमसीसी पास गरेपछि बिकासको ढोका खुल्छ र यो सहयोग नलिए अरु सबै सहयोग बन्द हुन्छन् यो वा उ आदि इत्यादी भनिरहेका छन् । । यादराख्नु पर्ने कुरा के हो भने यदि नेपालमा एमसीसी लागू गरिए चिन आक्रामक हुन सक्छ र त्यसबेला अहिले जसरी युक्रेन एक्लै भएको छ त्यसैगरी त्यतिबेला यो एमसीसीका फुम्राहरु सिडिमा बसेर छलफल गर्नेछन् । नेपालीको सहयोगमा कोहि आउने छैनन । काम लागे यीनै् छिमेकी काम लाग्ने छन् । त्यसैले छिमेकीसँगको सम्बन्ध बिगार्ने होइन आपद बिपदमा काम लाग्ने यीनै हुन् । त्यसैले अहिलेको उपयुक्त नारा Go back MCC. Reject MCC नै हो ।

*बुटवल फागुन १३ २०७८*

## नेकपा...

प्रमुख अतिथि नेकपा (क्रान्तिकारी माओवादी) स्थायी समिति सदस्य रामसिंह श्रीसले सामाजिक रुपान्तरणको यो महान अभियानमा अध्यात्मवादलाई चुनौती दिदै भौतिकवादको पक्षमा आफुलाई जसरी उभ्याउने आट गर्नु भयो, त्यसको लागि कमरेड रामजी थापालाई धन्यवाद दिन चाहन्छु र परिवर्तन हामी आफैबाट सुरुवात गर्नु पर्छ भन्नु भयो । आमा मित्र कुमारी थापाप्रति हार्दिक श्रद्धाजली साथै दुःखको यस घडीमा कमरेड रामजी थापा लगायत सम्पूर्ण शोकाकूल परिबारजनप्रति हार्दिक समवेदना प्रकट गर्नु भयो ।

विशेष अतिथि पार्टीका पोलिट ब्यूरो सदस्य एवं सह इन्चार्ज अनुकूलले आमा मित्र कमारी थापाप्रति हार्दिक श्रद्धाजली साथै परिबारजनमा हार्दिक समवेदना प्रकट गर्दै गलत सँस्कृतिको विरुद्ध हामी सबै एक भएर संघर्ष गर्नु पर्ने कुरामा जोड दिनु भयो ।

त्यसै गरी अन्य अतिथि वक्ताहरुमा देजमो नेपालका प्रदेश समितिका उपाध्यक्ष सुशिला थापा, नेकपा माओवादी केन्द्रका नेता झलकपाणी तिवारी, नेपाली कांग्रेसका गिरीराज गौतम, नेकपा माओवादी केन्द्रका राष्ट्रिय परिषद् सदस्य लोचन के.सी., नेकपा एमालेका रामहरी ढुङ्गाना, वडा नं. २६ का वडा अध्यक्ष नारायण प्रसाद बराल, नेकपा एकिकृत समाजवादीका भक्त रसाइली, नेकपा माओवादी केन्द्र समाजवादीका भोजराज त्रिपाठी, राजमो केन्द्रीय समन्वयका विक्रम थापा, नेकपाका गोकुल पराजुली, सास्कृतिक रुपान्तरण अभियानका अभियान्ताहरु डा. कृष्ण राज अधिकारी, पुर्ण गिरी, लोक वहादुर थापा, भिम रानाभाट लगायतका वक्ताहरुले सामाजिक रुपान्तरणको यो महान अभियानमा आफुलाई उभ्याउनु भएकोमा रामजी थापालाई धन्यवाद दिदै आमा मित्र कमारी थापाप्रति हार्दिक श्रद्धाजली साथै रामजी थापा लगायत सम्पूर्ण शोकाकूल परिबारजनप्रति गहिरो समवेदना प्रकट गर्नु भएको थियो ।

उक्त श्रद्धाञ्जली कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रिय सदस्य निश्चल, पार्टीका प्रदेश समितिका सदस्यहरु, देजमो नेपालका केन्द्रीय सल्लाहाकार भिम वहादुर श्रीस, देजमो नेपालका प्रदेश समितिका सदस्यहरु, कास्की जिल्ला समितिका सेक्रेटरी लगायत सदस्यहरु, पार्टीका सम्पूर्ण सदस्यहरु, संगम सास्कृतिक मञ्चका अध्यक्ष काजीबाबु श्रेष्ठ, अन्य पार्टीहरुको तर्फबाट पनि उपस्थिती रहेको र स्थानिय रामजी थापाका छिमेकीहरुको समेत ब्यापक उपस्थिती रहेको थियो ।

नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश समितिको आयोजनामा भएको श्रद्धाञ्जली कार्यक्रमको अध्यक्षता पार्टी पोलिट ब्यूरो सदस्य एवं प्रदेश सेक्रेटरी केश वहादुर परियारले गर्नु भएको थियो भने सञ्चालन प्रदेश सदस्य परशुराम कोइरालाले गर्नु भएको थियो ।

## जनयुद्धका...

सहिद सप्ताहलाई नेपालको क्रान्तिकारी आन्दोलनमा भएका सहादतका विभिन्न कडीहरूलाई जोड्ने महत्वपूर्ण सन्दर्भका रूपमा लिने गरिएको छ । जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलले सहादत प्राप्त गरेको दिन फागुन १४ गते (२०५२) देखि तत्कालीन झापा विद्रोहका पाँच सहिद नेत्र घिमिरे, रामनाथ दाहाल, कृष्ण कुइँकेल, वीरेन राजवंशी, नारायण श्रेष्ठले सहादत प्राप्त गरेको दिन फागुन २१ गते (२०२९ साल) लगायत नेपालको वर्गसङ्घर्षमा बलिदान गर्ने सम्पूर्ण सहिदहरूको सम्मानमा हरेक वर्ष फागुन १४ देखि फागुन २१ गते सम्मको अवधिलाई सहिद सप्ताहका रूपमा मनाउने गरिन्छ । जनयुद्धले स्थापना गरेका जनताका महत्वपूर्ण पर्वहरू नेकपा(क्रान्तिकारी माओवादी)ले मनाउँदै आएको छ ।

## सर्वहारा...

गरिएको एउटा अनादरयुक्त शान्ति सम्झौतामा अनत्य भयो । बोल्सेविकहरूले युद्धलाई एउटा स्पष्ट क्रान्तिकारी अडान लागु गरे, उनीहरू आफ्नै सरकारका विरूद्ध गए र देशभक्ति र राष्ट्रवादको कुनै पनि झुटा मान्यताहरूलाई खारेज गरे । उनीहरूको पद्धति यो थियो कि जारको हार उपयोगी हुने छ, किनभने यसले जारतन्त्रलाई कमजोर बनाउने छ र क्रान्तिलाई बलियो बनाउने छ। यहि नै वास्तविकता बन्यो । १९००-१९०३को आर्थिक संकटले उत्पीडित जनसमूहको कठिनाइहरूलाई पहिलेबाटै अझ ज्यादा कठिन बनाएको थियो । युद्धले यो दुख दर्दलाई अझ झन तीब्र बनायो । जतिजति युद्ध निरन्तर बन्दै गयो र रसियन सशस्त्र फौजले एकपछि अर्को हारको सामना गर्दै गयो जनताको जारप्रतिको घृणा बढदै गयो । तिनीहरूले १९०५को महान् क्रान्तिसित त्यसलाई प्रतिक्रिया दिए ।

जसको बोल्सेविकहरूले नेतृत्व गरेको बाकुको तेल मजदुरहरूको आम हडतालसित डिसेम्वर १९०४मा भएको ऐतिहासिक आन्दोलन सुरू भयो । यो रसियाभर हडतालहरू र क्रान्तिकारी कार्यहरूको एउटा लहरका लागि 'सुचना दिने वत्ति' थियो । खासगरी, क्रान्तिकारी तुफान २२ जनवरी १९०५मा पिट्स्वर्गमा निशस्त्र मजदुरहरूको एउटा प्रदर्शनमाथि अन्धाधुन्ध गोली प्रहार र कत्लेआमसित विष्फोट भयो । जारको प्रयास मजदुरहरूलाई रगताम्य पारेर ध्वस्त पार्ने थियो तर यसले जनसमूहबाट अझ ज्यादा डरलाग्दो प्रतिकृया मात्रै प्रेरित गऱ्यो । १९०५को अवधिभर मजदुरहरूद्धारा मिलिटेण्ट राजनीतिक हडतालहरूको लहर उठने, किसानहरूद्धारा जमिन र जमिन्दारहरूको अनाज खोस्ने र पोटम्किन युद्ध जाहाजका रसियन नेभि सेलर्सद्धारा विद्रोह समेतको अवधि थियो । जारले दुइ पटक, एउटा बोलीमा संघर्षलाई अन्तै मोडने उद्येश्यले पहिलो पटक एउटा 'परामर्शदाता' र अनि त्यसपछि 'विधायिका' दुमा(दुमा रसियन संसद हो) प्रस्ताव गऱ्यो । बोल्सेविकहरूले दुवै/दुमाहरू इन्कार गरे जबकि मेन्सेविकहरूले भाग लिने निर्णय गरे । क्रान्तिको उच्च लहर १९०५को अक्टोवर र डिसेम्वरका बीचमा थियो । यो अवधिका दौरानमा, सर्वहाराले, विश्व इतिहासमै पहिलो पटकका लागि, मजदुरहरूका डेपुटिजहरू-जुन सबै मिलहरू र कारखानाहरूबाट प्रतिनिधिहरूको सभाहरू थिए, को सोवियत स्थापना गऱ्यो । यीनीहरू क्रान्तिकारी सत्ताका भ्रुण थिए, र १९१७मा समाजवादी क्रान्तिपछि सोभियत सत्ता स्थापनाका लागि मोडल भए । अक्टोवरमा एउटा अखिल-रसिया राजनीतिक हडतालसित सुरू गर्दै, क्रान्तिकारी संघर्षहरू जबसम्म मस्कोमा,र अन्य शहरहरू र देशभरका नेश्नलिटिजहरू डिसेम्वरमा, बोल्सेविक नेतृत्वको सशस्त्र विद्रोहहरू भए, उठदै गए, यी निर्शम्सपूर्वक ध्वस्त गरिए र त्यसपछि क्रान्तिको ज्वार कम हुन सुरू भयो । क्रान्ति यद्यपि अझै पनि ध्वस्त भएको थिएन् र मजदुरहरू र क्रान्तिकारी किसानहरू आस्तेआस्ते लडाइमा फर्कीए । एक लाख भन्दा बढि मजदुरहरूले १९०६मा हडतालहरूमा भाग लिए, र १९०७मा ७४०, ००० ले । किसान आन्दोलनले १९०६को पहिलो आधामा जारशाही रसियाको जिल्लाहरूको करिब आधा र वर्षको दोस्रो आधामा करिब पाच भागको एकभाग आफ्नो अधिनमा गऱ्यो । क्रान्तिको उच्चता यद्धपि पार भएको थियो । ३ जुन १९०७मा, जारले एउटा सम्पत्ति कूँ गऱ्यो, उसले आफै निर्माण गरेको दुमालाई विघटन गऱ्यो, र क्रान्तिका दौरानमा उसलाई वाध्य वनाएर प्रदान गरेका सिमित अधिकारहरू समेत फिर्ता गऱ्यो । जारशाही प्रधानमन्त्री स्टोलिपिन, जसलाई स्टोलिपिन प्रतिक्रिया भनिन्थ्यो, अन्तरगत निर्मम दमनको अवधि सुरू भयो । यो १९१२मा हडतालहरू र राजनीतिक संघर्षहरूको अर्को लहर नआएसम्म रहयो ।

यद्यपि १९०५को क्रान्तिलाई हराइयो । तै पनि यसले जारशाही शासनका धेरै जगहरूलाई हल्लाइ दियो । यसले तीन वर्षको छोटो छोटो अन्तरालमा, मजदुर वर्ग र किसानलाई एउटा बहुमूल्य राजनीतिक शिक्षा पनि दियो । यो अवधि पनि थियो जब बोल्सेविकहरूले सर्वहाराको रणनीतिहरू र कार्यनीतिहरू सम्वन्धमा उनीहरूको क्रान्तिकारी बुझाईको आधारभूत सच्चाईलाई व्यवहारमा सिद्ध गऱ्यो । यो क्रान्तिको कोर्षमा थियो कि बोल्सेविकको क्रान्तिको मित्रहरू र शत्रुहरू र संघर्षका रूपहरू र संगठनका रूपहरू सम्वन्धी बुझाइ दृढतापूर्वक स्थापित गरियो ।

बोल्सेविकहरू र मेन्सेविकहरूका माथि उल्लेखित सबै प्रश्नहरूमा विरोधी बुझाई थिए । मेन्सेविकहरूको बुझाई सुधारवादी थियो र कानुनी बुझाई थियो, जुन त्यस बेलासम्म दोस्रो अन्तर्राष्ट्रियका धेरै पार्टीहरूमा साझा भएर बढेको थियो । यो बुझाइमाथि आधारित थियो कि रसियन क्रान्ति, एउटा पुँजीवादी क्रान्ति भएकाले, उदार पुँजीपतिद्धारा नेतृत्व गरिनु पर्दथ्यो, र त्यसकारण सर्वहाराले कुनै त्यस्तो पाइला चाल्नु हुँदैन, जसले पुँजीपतिलाई डराउने गराउने छ र जारको हतियारभित्र यसलाई धपाएर पठाउने छ । बोल्सेविक बुझाई अर्कोतीर क्रान्तिकारी बुझाई थियो, जुन सर्वहाराले क्रान्तिको नेतृत्वका लागि पुँजीपतिमाथि भरपर्न सक्दैन् र क्रान्तिको नेतृत्व आफैले लिनु पर्दछ । यो नै क्रान्तिकारी आधार थियो जुन बोल्सेविकहरूले क्रान्तिको सबै अन्य रणनीतिक र कार्यनितिक प्रश्नहरूमाथिको उनीहरूको बुझाई विकास गरे । यसरी बोल्सेविकहरूले क्रान्तिको विस्तारका लागि र सशस्त्र विद्रोहमार्फत जारलाई फयाक्न आव्हान गरे, मेन्सेविकहरूले एउटा शान्तिपूर्ण फ्रेमवोर्कभित्र क्रान्तिलाई नियन्त्रणमा राख्ने कोशिस गरे र जारशाहीलाई सुधार गर्न र विकास गर्ने प्रयास गरे । बोल्सेविकहरूले मजदुर वर्गको नेतृत्वका लागि, उदार पुँजीपतिको पृथकतामा र किसानसित एउटा बलियो मित्रतामा दवाव दिए, मेन्सेविकहरूले उदार पुँजीपतिसित मित्रता र उसको नेतृत्व स्विकार गरे र किसानलाई एउटा क्रान्तिकारी वर्गका रूपमा उसित मित्रताका लागि मान्यता दिएनन् । बोल्सेविकहरू एउटा सफल जनताको विद्रोहका आधारमा एउटा अस्थाई क्रान्तिकारी सरकार गठनमा सहभागिताका लागि तयार थिए र जारले दिएको दुमाको बहिष्कारका लागि आव्हान गरे, मेन्सेविकहरू दुमामा भागलिन तयार थिए र यसलाई देशका "क्रान्तिकारी शक्तिहरू" को केन्द्र बनाउने प्रस्ताव राखे । मेन्सेविकहरूको बुझाई सुधारवादी प्रवृतिको एउटा एक्लीएको उदाहरण थिएन् । वास्तवमा मेन्सेविकहरू बुझाई त्यो समयमा दोस्रो अन्तराष्ट्रियका प्रमुख नेतृत्वदायी पार्टीहरूको बुझाईको पुरै प्रतिनिधित्व थियो । यसरी लेनिन र बोल्सेविकहरू मेन्सेविकहरूको सुधारवादका विरूद्ध मात्रै लडिरहेका थिएनन् तर त्यो समयमा प्रभुत्व भएका अन्तराष्ट्रियका तथाकथित मार्क्सवादी पार्टीहरूका सुधारवादी बुझाईका विरूद्ध पनि थिए । लेनिनका मान्यताहरू यद्धपि मार्क्स र ऐगेल्सका क्रान्तिकारी बुझाइको एउटा निरन्तरता र विकास थिए । यो साम्राज्यवाद- एउटा नयाँ चरणभित्र पुँजीवादको वृद्धिद्धारा ल्याइएको नयाँ अवस्थाहरूमा लागु गरिएका मार्क्सवादी क्रान्तिकारी कार्यनीतिहरूको एउटा अर्को विकास थियो । लेनिनले क्रान्तिको दौरानमा उनका विभिन्न लेखहरूमा खासगरी प्रजातान्त्रिक क्रान्तिमा सामाजिक प्रजातन्त्रका दुई कार्यनीतिहरू भन्ने उनको किताबमा यी कार्यनीतिहरू प्रकाशित गरे । जुलाई १९०५मा लेखिएको यो किताब बोल्सेविकहरू र मेन्सेविकहरूले वेग्लै कंग्रेसहरूको आयोजना गरेपछि , दुई समूहहरूद्धारा प्रस्तावित रणनीति र कार्यनीतिहरूमा आवश्यक भिन्नताहरू बाहिर आए ।

एउटा कम्युनिस्ट पार्टीले कार्यनीतिक सिद्धान्तहरू निर्धारण गर्दा क्रान्तिको घोषित रणनीति प्राप्तीका लागि गरिने प्राक्टीसका लागि बलियो आधार बन्नु पर्छ । क्रान्तिको घोषित रणनीति एकातिर पार्टीले निर्धारण गरेको कार्यनीतिक सिद्धान्तहरू अर्कोतीर भएमा यसको प्राक्टीसका लागि आधार बन्न नसक्दा क्रान्ति सधै एउटा संशोधनवादी गोल चक्करभित्र फस्दै जाने र क्रान्ति सधैभरी टाडाको विषय बन्ने भइरहन्छ ।

रुसको र चीनलगायत अन्य देशहरुमा गरिएका सफल क्रान्तिहरु त्यसकारण सफल भए किनभने रुस र चीनको इतिहासमा लेनिन र माओव्दारा विकसित कार्यनीतिक सिद्धान्तहरू रसियन र चीनीयाँ क्रान्तिका पछिल्ला अवधिका दौरान प्राक्टीसका लागि आधार बलिया बने । परिणाम लेनिनको १९१७ अक्टोबर क्रान्तिको विजय प्राप्त गऱ्यो र पहिलो मजदुरहरूको राज्य स्थापना गऱ्यो भने चीनमा माओको नेतृत्वमा १९४९ चीनीयाँ क्रान्ति सफल भयो ।

यहाँ लेनिनव्दारा प्रस्तुत गरिएका आधारभूत कार्यनीतिक सिद्धान्तहरू, जो क्रान्तिको रणनीतिक लक्ष्य प्राप्तीका लागि बलिया आधार बने, निम्न थिए :

१. लेनिनका सबै लेखहरूमार्फत प्रवाह भएका प्रमुख कायनीतिक सिद्धान्त ती थिए कि सर्वहारा पुँजीवादी प्रजातान्त्रिक क्रान्तिको नेता वन्न सक्छ र बन्नु पर्दछ । यो काम गर्नका लागि दुईवटा अवस्थाहरू आवश्यक थिए । पहिलो, सर्वहाराका लागि एउटा मित्र हुनु आवश्यक थियो जसले जारशाहीमाथि एउटा निर्णायक विजयमा इच्छुक थियो र जसले सर्वहाराको नेतृत्व स्विकार गर्न इच्छुक हुन सक्दथ्यो । लेनिनले विचार गरे कि किसान यस्तो एउटा मित्र थियो । दोस्रो, यो आवश्यक थियो कि त्यो वर्ग जसले क्रान्तिको नेतृत्वका लागि सर्वहारासित लडिरहेको थियो र यसको पूर्ण नेता बन्नलाई कोशिस गरिरहेको थियो, नेतृत्वको प्रतिष्पर्धाबाट बाहिर बलजफ्ती फयाकिएको थियो र एक्लो बनाइयो । लेनिनले बुझे कि उदार पुँजीपति एउटा यस्तो वर्ग थियो । यसरी सर्वहाराको नेतृत्वको लेनिनको प्रमुख कार्यनीतिक सिद्धान्तको सारतत्वको अर्थ त्यही समयमा किसानसितको मित्रताको नीति र उदार पुँजीपतिलाई एक्ल्याउनेको नीति ।

२.संघर्षका र संगठनका रूपहरूको सन्दर्भमा, लेनिनले सोंचे कि जारशाहीको अन्त्य र प्रजातान्त्रिक गणतन्त्रको प्राप्तका लागि प्रभावकारी तरिका भनेको एउटा विजयी जनताको सशस्त्र विद्रोह थियो । यसलाई प्राप्त गर्नका लागि लेनिनले मजदुरहरूको सशस्त्रीकरण र मास राजनीतिक हडतालहरूका लागि आव्हान गरे ।

उनले ८ घण्टाको कार्य दिन र अधिकारीहरू र कानुनलाई नजरअन्दाज गर्दै एउटा क्रान्तिकारी तरिकामा मजदुर वर्गका अन्य तात्कालिन मागहरू प्राप्तीका लागि आव्हान पनि गरे । त्यसैगरी उनले परिवर्तनका लागि जस्तै एउटा क्रान्तिकारी तरिकाले जमिन खोस्न क्रान्तिकारी किसान समितिहरूको गठनका लागि आव्हान गरे । अधिकारीहरूलाई अनादरका यी कार्यनीतिहरूले जारको राज्य संयन्त्रलाई प्यारलाइज गऱ्यो र जन समूहको पहकदमी बढायो । यसले शहरहरूमा क्रान्तिकारी हडताल समितिहरू र गाउँ क्षेत्रमा क्रान्तिकारी किसान समितिहरू गठन गऱ्यो, जुन पछि मजदुर डेपुटिजहरूका सोवियतहरूमा र किसान डेपुटिजहरूका सोवियतहरूमा विकास गरे ।

३. लेनिनले अझ जोड दिएर भने कि क्रान्ति पुँजीवादी क्रान्तिको विजयपछि र प्रजातान्त्रिक गणतन्त्रको प्राप्तीपछि रोकिनु हुँदैन् । उनले प्रस्ताव गरे कि क्रान्तिकारी पार्टीको कर्तव्य पुँजीवादी क्रान्तिलाई समाजवादी क्रान्तितर्फ अगाडि बढाउन हरसम्भव उपायहरू गर्नु पर्दछ । उनले यसरी मार्क्सको निरन्तर क्रान्तिको अवधारणालाई ठोस आकार दिए ।

यी कार्यनीतिक सिद्धान्तहरू पछिल्ला अवधिका दौरान बोल्सेविक प्राक्टीसका लागि आधार बने । यसले अन्त्यमा १९१७ अक्टोबर क्रान्तिको विजय प्राप्त गऱ्यो र पहिलो मजदुरहरूको राज्य स्थापना गऱ्यो ।

## राष्ट्रघाती...

बैठक बोलाएको थियो भने नयाँ बानेश्वरमै रहेको एक पार्टी प्यालेसमा नेकपा एकीकृत समाजवादीले स्थायी कमिटीको बैठक बोलाएको थियो । संसद् बैठक बोलाइएको निर्धारित समयमै प्रधानमन्त्री शेरबहादुर देउवा संसद् भवन पुगेका थिए । तर, कम्युनिस्टहरू समयमा आएनन् ।

गठबन्धन दलमा रहेका माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी दलले आफ्ना केही नेता तथा सांसदहरूको असन्तुष्टिका बीच एमसीसी सम्झौता पारित गर्नका लागि मतदान गर्ने निर्णय गरेका थिए । त्यो निर्णयको जगका रूपमा गठबन्धन दलले एमसीसी सम्झौतालाई हेर्ने दृष्टिकोणबारे १२ बुँदे व्याख्यात्मक घोषणा तयार पारेका थिए ।

सुरुमा ११ बुँदे घोषणा रहे पनि साँझ ६ बजे संसद् भवनमै बसेको मन्त्रिपरिषद्को बैठकमा एक बुँदा थप गरी त्यसलाई १२ बुँदे घोषणाका अनुमोदन गरियो । सो बैठकपछि साँझ साढे ७ बजे बसेको प्रतिनिधि सभाको दोस्रो बैठकले एमसीसी सम्झौतामाथिको व्याख्यात्मक घोषणा र एमसीसी परियोजना सम्झौता ध्वनि मतका आधारमा बहुमतले पारित गऱ्यो ।

सम्झौताको विपक्षमा नेमकिपाका सांसद प्रेम सुवाल, राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल र नेकपा एमालेका भीम रावल उभिए । सत्तारुढ माओवादीकै नेताहरू राम कार्की र गिरिराजमणि पोखरेल लगायतले सम्झौताको विपक्षमा बोले ।

दिउँसो साढे १२ बजेदेखि झन्डै डेढ घण्टा बसेको माओवादी केन्द्रको संसदीय दलको बैठकको सुरुमा प्रमुख सचेतक देव गुरुङले ५ दलीय गठबन्धनले एमसीसी पास गर्ने जगका रूपमा रहेको ११ बुँदे व्याख्यात्मक घोषणा वाचन गरेर सांसदहरूलाई सुनाएका थिए । सो बुँदा सोही दिन बसेको मन्त्रिपरिषद्को बैठकले १२ बुँदा बनाएको थियो । सो बैठकमा नेता गुरुङले सो बुँदा अमेरिकाले मान्छ भन्नेमा आशङ्का रहेको बताएका थिए ।

दलको बैठकमा गिरिराजमणि पोखरेल, अञ्जना बिशंखे, राम कार्की लगायतले असन्तुष्टि ब्यक्त गरेका थिए । सो छलफललाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले गठबन्धन जोगाउने बाध्यात्मक अवस्थाका रूपमा एमसीसीबारे व्याख्यात्मक घोषणा आएको जानकारी गराएका थिए ।

नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले प्रतिनिधि सभामा एमसीसीमाथिको छलफल प्रक्रियामा भाग लिँदै सो सम्झौता अहिलेकै अवस्थामा पास गर्न नसकिने बताए । उनले सो सम्झौतामा व्यापक संशोधन नगरी पास नगर्न आग्रह गरे ।

प्रतिनिधि सभा बैठकमा आफ्नो भनाइ राखेपछि खनाल बाहिरिएका थिए । संसद् भवन बाहिर प्रतिक्रिया दिँदै उनले यथास्थितिमा एमसीसी परियोजना पास गर्न नहुने बताउँदै २०५४ सालमा भएको महाकाली सन्धि गरिएको क्षणलाई स्मरण गरे ।

खनालले महाकाली सन्धि गर्ने बेला मुलुकको कायापलट हुने व्याख्या भएको बताउँदै अहिले एमसीसीको सन्दर्भमा भएको ११ बुँदे व्याख्यात्मक घोषणा पनि त्यस्तै भएको बताए । यथास्थितिमा एमसीसी सम्झौतामाथि आफूले मतदान नगर्ने बताएर उनी संसद् भवनबाट बाहिरिएका थिए ।

अझै छुटेनन् क्रान्तिकारी माओवादीका केस बोगटीसहित दर्जनौ देशभक्तहरु

एमसीसी खारेजीको संघर्षको क्रममा प्रहरीले गिरफ्तार गरेको नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सदस्य बसन्त बोगटी लगायत दर्जनौलाई देउवा सरकारले अझै छाडेको छैन । प्रहरीमाथि दुर्व्यवहार गरेको भन्दै झुटा मुद्दा लगाएर उहाँहरुलाई अझै प्रहरी हिरासतमै राखिएको छ । उहाँहरुलाई रिहा गर्न क्रान्तिकारी माओवादी लगायत आठ दल र देशभक्त क्रान्तिकारीहरुले व्यापक रुपमा जनदबाब सिर्जना गरिरहनु भएको छ ।

***क्रान्तिकारी माओवादीको अपिल***

अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशनसँग नेपालले गरेको एमसीसी सम्झौता राष्ट्रघाती रहेको भन्दै यसको खारेजीको लागि जारी संघर्षलाई थप नयाँ उचाइ प्रदान गर्न नेकपा (क्रान्तिकारी माओवादी)ले जनसमुदायको नाममा एक अपिल जारी गरेको छ ।

पार्टीको केन्द्रीय कार्यालयको नामबाट जारी अपिलमा ६ वटा बुँदामा एमसीसी सम्झौताको राष्ट्रघाती प्रावधानहरुको उल्लेख गर्दै देशभक्त सांसदहरुलाई समेत राष्ट्रघाती सम्झौता खारेज गर्नका लागि दृढतापूर्वक उभिन विशेष अनुरोध गरिएको छ ।

फागुन १४ गते जारी गरिएको अपिलमा एमसीसी सम्झौता निर्णायक मोडमा पुगेको र चर्चा गर्दै यो बेला राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्तै गंभीर र संवेदनशील बन्न गएकोले यस स्थितिमा सडक संघर्षमा उत्रिएका सम्पूर्ण देशभक्त जनता तथा वामपन्थी पार्टीहरुलाई संघर्षलाई नयाँ उचाइ प्रदान गर्न हार्दिक अपील गरिएको छ ।

**यस्तो छ अपिलको पूर्णपाठ :**

***आदरणीय जनसमुदाय,***

नेपाल सरकार र अमेरिकाको एमसीसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) का बीच सन् २०१७मा राष्ट्रघाती संझौता गरी नेपाललाई विद्युत प्रसारण लाइन र सडक विस्तार गर्नका लागि भनेर रु ५६अर्व अनुदान दिइने भनियो । अनि यो संझौता नेपालको विकास निर्माण र गरिबी निवारणका लागि अति उपयोगी, अचुक औषधि र रामवाणै हो भनेर ढोल पिटियो । यस संझौतालाई संसदबाट अनुमोदन गराउनका लागि अत्यन्तै ठुला षडयन्त्र र कसरत हुँदै आएका छन् । संझौताका विरुद्ध संघर्ष पनि निरन्तर चल्दै आएको छ । अव स्थिति निर्णायक मोडमा पुगेको छ ।

***वस्तुतः एमसीसी सम्झौता किन राष्ट्रघाती छ त ? किनभने –***

१. यो संझौता नेपालको समृद्धि र गरिबी निवारणका लागि ल्याइएको होइन । यो कथित अनुदान नेपाललाई नवउपनिवेशवादको महाजालमा फसाई नेपालको राष्ट्रिय स्वाधीनतामाथि प्रहार गर्ने र नेपालको राष्ट्रिय सम्पदा लुट्ने उद्देश्यमा आधारित छ ।

२. एमसीसी विशुद्ध आर्थिक अनुदानमा आधारित संझौता नभई अमेरिकाको रक्षा मन्त्रालय र सुरक्षा छातासित सम्बन्धित हिन्द-प्रशान्त रणनीतिको एक अभिन्न अङ्ग हो । यो कुरा स्वयं अमेरिकी अधिकारीहरुले बताउँदै आएका छन् । यस संझौताको मूल उद्देश्य चीनलाई घेराबन्दीमा पार्न नेपाली भूमिको दुरुपयोग गर्नु र नेपाललाई सैन्य अखडा बनाउनु रहेको छ ।

३. यो राष्ट्रघाती संझौता नेपालको असंलग्न परराष्ट्र नीति र पञ्चशीलको सिद्धान्तका विरुद्ध रहेको छ । यसलाई संसदबाट अनुमोदन गरिएमा नेपाल अमेरिकाको सुरक्षा छाताभित्र रहनुपर्ने गंभीर खतरा पैदाहुन सक्ने छ ।

४. एमसीसी संझौता नेपालका कानुन भन्दा माथि रहेको छ । यस संझौतामा नेपालका कानुन संझौतासित बाझिएमा संझौता नै मान्य हुने र यही कुरा भविष्यमा बनाइने अमरिकी कानुनका सन्दर्भमा पनि लागुहुने भनी उल्लेख गरिएको छ। यो नेपालको राष्ट्रिय सार्वभौमिकता र स्वाभिमानका लागि ठाडो चुनौती र अत्यन्तै घातक विषय हो ।

५. यस संझौतामा नेपालका सामु अत्यन्तै कडा सर्त थोपरिएका छन् । जस्तो कि – यो संझौता कार्यान्वयन गर्न भारतसित अनिवार्य स्वीकृति लिनुपर्ने, परियोजनाको लेखा परीक्षण नेपालले गर्न नपाउने, परियोजना अवधि सकिए पनि त्यसका केही प्रावधान कायमै रहने, परियोजनामा काम गर्ने कर्मचारीद्वारा कुनै अपराध गरिएमा नेपालको कानुनद्वारा दण्डित गर्न नपाइने, अनि यस संझौतामा कुनै पनि संशोधन नहुने, आदि । यी नेपालको सार्वभौमिकता माथिका ठाडा चुनौती हुन् ।

६. नेपालमा यस प्रकारको संझौताको विरोध हुँदै आएकोमा अमेरिकाका सहायक विदेश मन्त्री लगायतका अधिकारीहरुद्वारा यो संझौता संसदबाट अनुमोदन नगरिएमा नेपाल चीनको पोल्टामा गएको ठहरिने र त्यस स्थितिमा अमेरिकाले नेपाललाई दिँदै आएका सबै सहायता तथा अनुदान रोक्ने लगायतका कडा धम्की दिइएको यथार्थ जगजाहेर नै छ ।

यसरी, उक्त विषयमाथि गंभीरतापूर्वक विचार गर्दा एमसीसी संझौता जनविरोधी तथा राष्ट्रघाती भएको स्पष्टै छ । परन्तु, नेपाली काङ्ग्रेसको गठबन्धन सरकारका प्रधानमन्त्री भने आँखा चिम्लेर अमेरिकी साम्राज्यवादको दलाली गर्दै एमसीसी संझौता विशुद्ध आर्थिक सहयोगमा आधारित रहेकोले यसलाई अनुमोदन नगर्दा देशको अन्तर्राष्ट्रिय छवि धमिलिने भन्दै संघर्षको मैदानमा उत्रिएका देशभक्त नेपालीहरुमाथि दमन तथा धरपकड गर्ने लगायतका निर्लज्ज काममा उत्रिएका छन् ।


***देशभक्त जनसमुदाय,***

यो बेला राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न अत्यन्तै गंभीर र संवेदनशील बन्न गएको छ । यस स्थितिमा हाम्रो पार्टी सडक संघर्षमा उत्रिएका सम्पूर्ण देशभक्त जनता तथा वामपन्थी पार्टीहरुलाई संघर्षलाई नयाँ उचाइ प्रदान गर्न हार्दिक अपील गर्दछ । साथै, देशभक्त सांसदहरुलाई समेत राष्ट्रघाती संझौता खारेज गर्नका लागि दृढतापूर्वक उभिन विशेष अनुरोध गर्दछ ।'

## आलोपालो

# टाढाको सिद्ध नजिकको गिद्ध (रूस-युक्रेन युद्ध र नेपालीलाई एमसीसी)

**एमसीसी चीनको बिरुद्ध लक्षित त छँदैछ र कालान्तरमा भारतबिरुद्ध पनि उत्तिकै खतराजन्य छ । यस विषयमा भारतीय विद्वानहरुको मौनता अर्थपूर्ण छ । एमसीसी आईपीएसको अंग हो होइन ? भारत यसमा सहभागी भएपछि नेपालको सहभागी हुनु नहुनु ठूलो महत्व छैन र नेपाल आफै भारतले घेरेको सानो देश नभए पनि चाइना घेरिन्छ त्यसैले नेपालमा आउनु यहाँका खनिज र जलशक्तिमा कब्जा गर्नुनै हो र भारतलाई समेत यसले नकारात्मक असर पर्ने निश्चित छ**


● डा. कृष्ण खनाल ●

रुसले युक्रेनमाथि आक्रमण गरेको दोस्रो दिनमै युक्रेन करिबकरिब घुडाटेकिसकेको छ । हिजो रसिया गणराज्यमध्ये एक युक्रेन दुबै मिलेर बसेका थिए समान उद्देश्य हुन्थ्यो तर जब गोर्वाचोभ र यल्सिन जस्ता पश्चिमी एजेन्टहरुले रुसलाई बिभाजन मात्र गरेनन् एकआपसमा बैमनस्यताको बिजारोपणसमेत गरेर छाडे, फलस्वरूप आज रुस र युक्रेनबीचको युद्ध हो ।

अमेरिका र नेटोका देशहरू युक्रेनलाई खुब ढाडस दिए, उनीहरु यो त्यो सहयोग दिनेछन् भनेर अनेकौ सपना देखाए । अमेरिकालाई हतियार बेच्नु थियौ, सयौ ट्रक हतियार, मिसाइल, हेलिकप्टर लडाकु विमान त दियो तर रुसी शक्तिका अगाडि ती हतियारको कुनै महत्व छैन, जबसम्म नेटोका सेना र रसियन सेना आमनेसामने हुँदैनन् । तर नेटोका सेना रसियन सेनाका अगाडि आमनेसामने हुनेछैनन् । युक्रेनलाई एक्लै युद्ध मैदानमा छाडेर टाढै बसेर रमिता हेरिरहेका छन् र भन्दैछन् उनीहरु रसियामाथि आर्थिक नाकाबन्दी लगाउने छन, हिजो युक्रेनलाई रुसबिरुद्ध उस्काइरहे उनीहरुलाई लाग्यो भिक्टर यानुकोभिचलाई २०१४मा सजिलोसँग सडक आन्दोलनबाट हटाउन सफलता मिलेजस्तै अब युक्रेनको काँधमा चढेर रुसलाई ठेगान लगाइन्छ । यही मनशायले उनीहरु युक्रेनका लागि गुमराह गरिरहे । जब खास सहयोगको आवश्यकता आयो हजारौं मिल टाढाका कथित मित्रहरू कोही आएनन्, बरु छिमेकीले सानोतिनो सहयोग गरेका छन्, बाहिरगमनमा सहयोग गरेका छन् । त्यसैले होला नेपाली उखान यहाँ सान्दर्भिक हुन्छ (टाढाको सिद्ध भन्दा नजिकको गिद्ध जाती)

नेपालमा अहिले अमेरिकी सहयोग ( ? ) परियोजना एमसीसी निकै चर्चामा छ । नेपाली रुपियाँ ५५ अरबको सहयोग (त्यो पनि सर्तैसर्त) ले देशको कायापलट हुन्छ भनेर चिच्याउनु देशको विकासको चिन्ता वा अमेरिकीहरुको तावेदारी ? आमाको दूध चुसेर भएन बाबुको घुँडा चुस भनेको यही हो । एउटा ब्यापारी संस्थाबाट ७३ अरब असुल गर्न नसकेकाले अब देशको बिकाश गर्ने भनेको कोरा कल्पना मात्र हो । जसरी एक सारसले तलाउको छेउमा गएर निन्याउरो मुख लगाएर भनेछ अबको खडेरीमा यो तलाउ सुक्नेभयो र बाँकी ७ पेजमा

# सुर्खेतमा पनि संयुक्त संघर्ष समितिको आयोजनामा र्‍याली, जिप्रका घेराउ र कोणसभा सम्पन्न



सुर्खेत । फागुन १५गते सुर्खेतको यरिचोकबाट सुरु गरिएको र्‍याली मङ्गलगढिचोक हुँदै बिरेन्द्रचोकमा आएर कोण सभामा परिणत भएको थियो । उक्त कोणसभालाई नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का कालीकोट सेक्रेटरी कर्ण बहादुर बिसि, नेकपाका यमराज खड्का, जनमोर्चाका केन्द्रीय उपाध्यक्ष जनक राज शर्मा, नेकपा माओबादी केन्द्र समाजवादीका कृष्ण वोहोरा, बैज्ञानिक समाजवादी पार्टी प्रदेश ईन्चार्ज स्याम कुवर र देजमोका तर्फवाट मदन शाहिले सम्बोधन गर्नु भउको थियो ।


**मानवीय लापरबाही नै कोभिड संक्रमणको मुख्य कारण हो । सानो असावधानीले पनि महामारीको रूप लिन सक्दछ। कसैलाई सामान्य मात्र प्रभाव पार्ने सरूवा रोग कसैका लागि ज्यान लिने कारण बन्न सक्दछ ।**

**त्यसैले सचेत रहौं, स्वास्थ्य मापदण्डको पालना गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।